लेखापरीक्षण प्रतिवेदन

राईनास नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

राईनास नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/511

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख
राईनाश नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
लमजुङ्ग।

कैफियतसहितको राय

हामीले राईनाश नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ११ करोड ६४ लाख ३८ हजार, सामाजिक विकास कार्यक्रममा रु ३ लाख ६८ हजार, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको रु १ लाख २३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु २४ लाख ९० हजार र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. ८ लाख १९ हजार समेत गरी रू १२ करोड २ लाख ४० हजार समावेश गरेको छैन।

२ पालिकाको रु १ अर्व २३ करोड ३८ लाख ३ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ५७ लाख ३७ हजार बेरुजू देखिएको छ। उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू.३ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६० लाख १७ हजार, नियमित गर्नुपर्ने रु.८६ लाख ९३ हजार र पेस्की बाँकी रु.६ लाख ३७ हजार रहेको छ। गत वर्षसम्म रु.१४ करोड ८९ लाख ६९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड ४७ लाख २ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३ पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित

अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

४ यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४७	१४०	१५७३७६००	०	०	०	०	४७	१४०	१५७३७६००	३९०१८७	८६९३१९४	६०१७२१९	०	०	१४७१०४१३	६३७०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
लमजुङ	१४८९६९०००	0	४०००	१४८९६५०००	0	१५७३७६००	१६४७०२६००

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	पदाधिकारीलाई दोहोरो सुविधा	४०००.०

(८०४३७४०३३०० - राईनास नगरपालिका, लमजुङ)

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल ७१.९७ वर्ग किलोमिटर तथा १७ हजार ४०२ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२० देखि २०८१।५।२४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय – व्ययको गरी जम्मा रू.१,२३,३८,०३,६०८।४७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१४०८४५।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम रु.
१	बैठक भत्ता, अनुगमन भत्ता लगायत	१२२९९५
२	राष्ट्रपति महिला उत्थान कार्यक्रमको अनुगमन भत्ता	१७८५०
	जम्मा	१४०८४५

२ **स्थानीय संचित कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/**०३ / ३१**							
प्राप्ति र भुक्तानीको एककृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)							
		चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
विवरण	टिप्पणी नं	नगद	तेस्रो पक्ष भुक्तानी (सोफै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोफै भुक्तानी)	जम्मा
राजस्व **अनुदान र अन्य प्राप्ति**							
कर		७८०२८९७६.२७	पालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:०	७८०२८९७६.२७	७७५१५७८२.६६	०	७७५१५७८२.६६
अनुदान		३९२१०९०९०.८७	०	३९२१०९०९०.८७	४६१७५५५६१.९८	०	४६१७५५५६१.९८
अन्य राजस्व		७३७२५६८.२९	०	७३७२५६८.२९	७२०३०६०.५	०	७२०३०६०.५
विविध प्राप्ति		३४२००.	०	३४२००.	२५८२३८.	०	२५८२३८.
कुल जम्मा प्राप्ति		४७७५४४८३५.४३		४७७५४४८३५.४३	५४६७३२६४३.१४		५४६७३२६४३.१४
चालु		३३९६६३३२३.५३	०	३३९६६३३२३.५३	३५३७७३५३८.३१	०	३५३७७३५३८.३१
पारिश्रमिक / सुविधा		२६००७६८५०.३	०	२६००७६८५०.३	२५९०८६८८०.३१	०	२५९०८६८८०.३१
मालसामान तथा सेवाको उपयोग		७३५९१७४८.२३	०	७३५९१७४८.२३	५९५८९५००.	०	५९५८९५००.
सहायता (Subsidy)		५०५३७२५.	०	५०५३७२५.	२५६५१६८५.	०	२५६५१६८५.
सामाजिक सुरक्षा		०	०	०	८४०४४०६.	०	८४०४४०६.
अन्य खर्च		९४१०००.	०	९४१०००.	१०४१०६७.	०	१०४१०६७.
पूंजीगत		१३५९०३४३१.३४	०	१३५९०३४३१.३४	२०४१८२३७१.	०	२०४१८२३७१.
भवन तथा संरचना		६४२४५३५७.	०	६४२४५३५७.	११४९१६९७८.	०	११४९१६९७८.
सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स		३५१४२२५.३४	०	३५१४२२५.३४	१०८७७७७९.	०	१०८७७७७९.
अन्य पूँजीगत खर्च		१०४४००.	०	१०४४००.	१५८३७६२.	०	१५८३७६२.
सार्वजनिक निर्माण		६८०३९४४९.	०	६८०३९४४९.	७६१२०९४२.	०	७६१२०९४२.
निर्मितसरचनाको सुधार खर्च		०	०	०	६८२९१०.	०	६८२९१०.
कुल जम्मा भुक्तानी		४७५५६६७५४.८७		४७५५६६७५४.८७	५५७९५५९०९.३१		५५७९५५९०९.३१
बचत /कमी (ग = क-ख)		१९७८०८०.५६		१९७८०८०.५६	-११२२३२६६.१७		-११२२३२६६.१७
धरौटी **आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट**		-३६६२४९३.		-३६६२४९३.	८११४६४.६६		८११४६४.६६

(+/ -)							
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					-४१९२८४.		-४१९२८४.
यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		-१६८४४१२.४४		-१६८४४१२.४४	-१०४११८०१.५१		-१०४११८०१.५१
गत आ.व.को नगद तथा बैंक मौज्दात		६२८८७२४४.५९		६२८८७२४४.५९	६८८९५५०७.५७		६८८९५५०७.५७
विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		६१२०२८३२.१५		६१२०२८३२.१५	५८४८३७०६.०६		५८४८३७०६.०६

पालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

सि.नं.	खर्च शीर्षक	बजेट	निकासा खर्च
1.	सामाजिक सुरक्षा तथा संरक्षण	११९७५५६४०.००	११६४३८२४२.२९
2.	सामाजिक विकास कार्यक्रम	३७५०००.००	३६८५०७.००
3.	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	३०५८२३.००	१२३७८५.००
4.	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२५०००००.००	२४९००००.००
5.	राष्ट्रपति महिला सशक्तिकरण परियोजना	८९००००.००	८१९९००.००
	जम्मा	**१२३८२६४६३.००**	**१२०२४०४३४.२९**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,६४,३८,२४२।२९, सामाजिक विकास कार्यक्रमको रू.३,६८,५०७।-, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रू.१,२३,७८५।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.२४,९०,०००।– र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रू.८,१९,९००।- समेत गरी रू.१२,०२,४०,४३४।२९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६,५१,९६,८५९।- मौज्दात रहेकोमा यो वर्ष रु.६,२८,८७,२४४।५९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२३,०९,६१४।४१ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	२३,०९,६१४

३.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	**स्रेस्ताअनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
आन्तरिक राजस्व खाता	४५८८५६८.२२	०.००	-४५८८५६८.२०
बाँडफाँटबाट प्राप्त राजस्व खाता	०.००	०.००	०.००
आन्तरिक अनुदान खाता	०.००	०.००	०.००
स्थानीय तह विभाज्य कोष खाता	०.००	०.००	०.००
स्थानीय तह सञ्चित कोष खाता	८७१७८७५.९६	३८३९६५६१.८६	२९६७८६८५.९०
स्थानीय तह धरौटी खाता	२१७७४४६३.३०	२१९८८१०२.५८	२१३६३९.२८
चालु खर्च खाता	१६३६५६६१.१०	०.००	-१६३६५६६१.००
पुँजीगत खर्च खाता	८५४१८६३.९८	०.००	-८५४१८६४.००
विविध खर्च खाता	१०६९७८२.५९	१३९४१०२.५७	३२४३१९.९८
स्थानीय तह विविध कोष खाता	०.००	१४०२२६८.००	१४०२२६८.००
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१४४६१७.००	१४४६१७.००	०.००
जम्मा	**६१२०२८३२.२०**	**६३३२५६५२.००**	**२१२२८१९.८६**

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

४ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१,०४,६५,५४८।२२, राजस्व बाँडफाँड र अनुदानबाट रु.४६,७०,७९,२८७।२१ समेत रु.४७,७५,४४,८३५।४३ आम्दानी भएकोमा चालु तर्फ रु.३३,९६,६३,३२३।५३ र पुँजीगत तर्फ रु.१३,५९,०३,४३१।३४ समेत रु.४७,५५,६६,७५४।८७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.१,३७,७१,७२६।- खर्च भएको छ जुन आन्तरिक आयको ७५.९९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१.१४ प्रतिशत चालु र २८.४६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना

बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३,०९,७३,८८८।७० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

६ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१३५९०३.००	३२६१.००	१४०१५.००	१७६५७.००	१००९७०.००	६१८३१.००
प्रतिशत	१००.००	२.४०	१०.३१	१२.९९	७४.३०	४५.५०

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१३ करोड ५९ लाख ३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३२ लाख ६१ हजार (२.४० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ४० लाख १५ हजार (१०.३१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१ करोड ७६ लाख ५७ हजार (१२.९९ प्रतिशत) र चौथो त्रैमासिकमा रू.१० करोड ९ लाख ७० हजार (७४.३० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड १८ लाख ३१ हजार (४५.५० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

८ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

बजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.

- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

भ्रमण खर्च व्यवस्थापनतर्फ

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

खरिद व्यवस्थापन तर्फ

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

विविधतर्फ

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,

- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।
- निजी स्वामित्वमा रहेको जग्गामा सामुदायिक भवन, पार्किङ स्थल, निर्माण/स्तरोन्नतिमा नियन्त्रण नगरेको।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १२ र यो वर्ष थप भएको १६ गरी कुल २८ विवाद दर्ता भएकोमा १८ वटा मात्र फर्स्यौट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४७५५६६७५४.००	१०४६५५४८।२२	२.२०

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ गत आवको पेस्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फर्स्यौट सम्बन्धी व्यवस्था रहेको छ । यस बर्ष पालिकाको खाता परीक्षण गर्दा गत विगतमा औल्याईएको पेश्की रकम रु.८९,०८,८०८।५० रहेकोमा उक्त पेश्की लेखापरीक्षण अवधिसम्म पनि फर्स्यौट भएको छैन । नियमानुसार समयमा नै फर्स्यौट गर्नुपर्ने देखिन्छ ।

पेश्की लिएको मिति	गो. भौ. न.	पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम	पेस्की रकम
पदाधिकारी			
६५८३७	१९	नगर प्रमुख खड्ग बहादुर गुरुङ	२५००००
६५८३७	१९	नगर प्रमुख खड्ग बहादुर गुरुङ	२०००००
कर्मचारी			
६५८३७	१९	रोजगार संयोजककुमार गुरुङ	१९६२०२
ठेकेदार			
६५८३७	२	भगवती निर्माण सेवा	२४४३८६८
संस्थागत			
६५८३७	२	श्री शैलपुत्री नमुना माध्यामिक विधालय	३०२६०००
६५८३७	५	श्री घडेरीदेवी कृषि सहकारी संस्था लिमिटेड	१५००००
६५८३७	५	श्री घडेरीदेवी कृषि सहकारी संस्था लिमिटेड	२५००००
६५८३७	५	श्री घडेरीदेवी कृषि सहकारी संस्था लिमिटेड	३७५००
६५८३७	५	श्री मार्गदर्शन महिला बहुउद्धेश्यीय सहकारी संस्था लि.	२५९५००
६५८३७	५	शैलपुत्री नमुना माध्यामिक विधालय	२७३७३९
६५८३७	१९	अल नेपाल रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि	१५००००
व्यक्तिगत			
६५८३७	१९	शेखर नाथ न्यौपाने	१६७२०००
		जम्मा	८९०८८०९

१२ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि अनुसार ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार यो वर्ष संघीय सरकाले औद्योगिग्राम कार्यक्रमा रू.७०,००,०००।– निकासा दिएकोमा रू.६४,३४,०००।– खर्च भई रू.५,६६,०००।– विविध खर्च खातामा मौज्दात रहेको पाइयो । खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चिक कोषमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,६६,०००

१३ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल १३३ योजनामा वजेट विनियोजन गरेको छ।

क्र.सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	२०	१६	४	०
२	वडास्तरीय	११३	३	२१	८९
	जम्मा	१३३	१९	२५	८९

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १०० योजनामात्र कार्यान्वियन भई ३३ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उप क्षैत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	२६८००००.००	१३८३०३००.००	२.९१
२	सामाजिक विकास	२५१२९४२३१.००	२२८०४९८२१.५३	४७.९५
३	पूर्वाधार विकास	१४३१९५४५७.७०	११५२१२८५७.००	२४.२३
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२३११५०००.००	१४६६०८४१.००	३.०८
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१३७६९४१००.००	१०३८१२९३५.३४	२१.८३
	कुल जम्मा	५८२०९८७८८.७०	४७५५६६७५४.८७	१००.००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७.९५ प्रतिशत र आर्थिक विकासमा सबैभन्दा घटी २.९१ प्रतिशत रहेको छ ।

१५ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापन र विविध खर्च खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.१,२१,९९,७४५।५९ र यो वर्षको थप रू.९१,३५,५९९।- सहित रु.२,१३,३५,३४४।५९।- आय र रु.२,०१,२०,८४६।- खर्च गरी रु.१२,१४,३९९।५९ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

कोषको नाम	कोष गठन भएको कानुन	शुरु मौज्दात	यो वर्ष थप	यो वर्षको खर्च	बाँकी	कैफियत
विविध खर्च खाता	स्थानीय सरकार संचालन ऐन अनुसार	१२०३५१२९	९१३५५९९	२०१००८४६	१०६९७८३	
स्थानीय तह विविध कोष	स्थानीय सरकार संचालन ऐन अनुसार	०	०	०	०	बैङ्क स्टेटमेन्टमा रू.१४०२२६८ बाँकी
स्थानीय तह प्रकोप व्यवस्थापन कोष	स्थानीय सरकार संचालन ऐन अनुसार	१६४६१७	०	२००००	१४४६१७	
	जम्मा	**१२१९९७४६**	**९१३५५९९**	**२०१२०८४६**	**१२१४४००**	

१६ विविध कोष खाता

पालिकाको आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) र बैङ्क स्टेटमेन्टमा स्थानीय तह विविध कोष खातामा गत वर्ष रू.१४,०२,२६८।– मौज्दात देखाएकोमा यो वर्ष उक्त कोष खातामा जिम्मेवारी नसारी कारोबार र मौज्दात शुन्य देखाएको छ। उक्त कोषमा मौज्दात रहेको रकम यकिन गरी सम्बन्धित खातामा आम्दानी बाँधी प्रमाण पेस गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१४,०२,२६८

१७ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	७००००००.००	४९७६३७.४१	८५.३८
घरजग्गा वहाल कर	७००००००.००	६४६८५०.२८	१६१.७१
व्यवसाय कर	५००००००.००	८०००.००	१.६०
वहाल विरौटी शुल्क	५००००.००	०.००	०.००

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१८ कर संकलन प्रणाली

नगरपालिकाले केन्द्र र १० वटै वडाबाट दैनिक रुपमा कर तथा दस्तुर संकलन गर्दै आएको छ । आर्थिक ऐनले तोकेको दरमा कर निर्धारण गरी असुल गर्न सेवा प्रदायक विजनेश म्यानेजमेन्ट प्रा.लि. सँग सम्झौता गरी कर संकलन सफ्टवेयर प्रयोगमा ल्याएको छ । सेवाग्राहीको विवरण सफ्टवेयरमा पोस्टिङ्ग गरी कम्प्युटर विलका आधारमा रकम सङ्कलन गर्ने र नगरपालिका तथा वडाका कर्मचारीले नियमानुसार बैङ्कमा दाखिला गर्ने गरेको पाइयो । सफ्टवेयरको संचालन, परिमार्जन तथा व्यवस्थापन सेवा प्रदायक कम्पनीले मात्र गर्ने, नगरपालिकाको प्रणालीमा नियन्त्रण नहुने, सेवा प्रदायकले रकम कलममा हेरफेर गरेमा पत्ता लगाउने नियन्त्रण व्यवस्था कायम नहुने जस्ता कार्यले आन्तरिक आय संकलन र लेखाङ्कनमा आन्तरिक नियन्त्रण प्रणाली विश्वस्त र भरपर्दो देखिएन । सफ्टवेयरबाट दैनिक भएको आम्दानीको जम्मा कर्ता सेवाग्राही, कार्य, जम्मा रकम समेत देखिने दैनिक विवरण तयार गरी सोही आधारमा साप्ताहिक, मासिक

र वार्षिक विवरण तयार गर्नुपर्नेमा बैङ्क दाखिला भौचर मात्र संकलन गरी आर्थिक प्रशासन शाखाले आम्दानी बाँधी संकलन भएको आम्दानी लेखाङ्कन भए नभएको विश्वस्त हुने आधार देखिएन। आय संकलन, लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई थप पारदर्शी तथा सुदृढ गरी आय व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ।

पालिकाले यस वर्ष देहायअनुसार आन्तरिक राजस्व प्राप्त गरेको छः

राजस्व सङ्कलक	**सुत्रको आम्दानी**	**सफ्टेयरको आम्दानी**	**फरक**
पालिका	३५३३९०५.०७	१२७८५६९.७६	-२२५५३३५.००
वडा नं. १	४९०७७२.००	४३४६२१.००	-५६१५१.००
वडा नं. २	२८२६४४.००	३१२२५२.५०	२९६०८.५०
वडा नं. ३	५७८२७६.००	६८१०९४.५०	१०२८१८.५०
वडा नं. ४	९६२०९३.४०	१०७२७९१.०७	११०६९७.७०
वडा नं. ५	६९७८४८.००	८६८६९५.००	१७०८४७.००
वडा नं. ६	१४१५५४६.००	१४९५०७५.००	७९५२९.००
वडा नं. ७	५५०६८४.००	६०३७७०.५०	५३०८६.५०
वडा नं. ८	१०२५७४९.७५	१०७२२५३.७३	४६५०३.९८
वडा नं. ९	४३४६२५.००	४३०९३३.७५	-३६९१.२५
वडा नं. १०	४९३४०५.००	४९३४०७.२५	२.२५
जम्मा	१०४६५५४८.२२	८७४३४६४.०६	-१७२२०८४.००

ठेक्का शुल्क, दण्ड जरिवाना, परीक्षा शुल्क लगायतका आम्दानी सुत्रमा मात्र आम्दानी बाँध्ने र वडागत रुपमा सुत्रमा बैङ्क दाखिला भौचर पोस्टिङ गर्दा भूलवश अर्को वडा तथा पालिका छान्ने हुँदा पालिका र वडागत रुपमा सफ्टवेयर र सुत्रमा भिन्नता देखाएतापनि समग्रमा असुली र दाखिलामा फरक देखिएको छैन ।

१९ **पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.१५,१५,५००।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.६,३७,०००।- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	म्याद ननाघेको	म्याद नाघेको	जम्मा
ठेकेदार						
११/११/२०८०	३१	वडा नं १ र ६ को वडा कार्यालय भवन निर्माण योजना	भक्ति कन्स्ट्रक्सन	५३३५००	०	५३३५००
११/२१/२०८०	३३	वडा नं १ र ६ को वडा कार्यालय भवन निर्माण योजना	भक्ति कन्स्ट्रक्सन	३४५०००	०	३४५०००
संस्थागत						
०९/०१/२०८०	२४	स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम	चक्रतिर्थ स्वास्थ्य चौकी		२३५०००	२३५०००
०९/०१/२०८०	२४	स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम	तार्कुघाट स्वास्थ्य चौकी		९५०००	९५०००
०९/०१/२०८०	२४	स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम	धमिलिकुवा स्वास्थ्य चौकी		२१५०००	२१५०००
०९/०१/२०८०	२४	स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम	प्यार्जुङ स्वास्थ्य चौकी		४५०००	४५०००
०९/०१/२०८०	११६	बर्थिङ सेन्टरमा सुत्केरी हुने महिलाहरुको लागी पोषण खर्च	चक्रतिर्थ स्वास्थ्य चौकी		२३०००	२३०००
०९/०१/२०८०	११६	बर्थिङ सेन्टरमा सुत्केरी हुने महिलाहरुको लागी पोषण खर्च	तार्कुधाट स्वास्थ्य चौकी		११०००	११०००
०९/०१/२०८०	११६	बर्थिङ सेन्टरमा सुत्केरी हुने महिलाहरुको लागी पोषण खर्च	धमिलिकुवा स्वास्थ्य चौकी		१३०००	१३०००
			जम्मा	८७८५००	६३७०००	१५१५५००
					पेश्की	६,३७,०००

२० **गत वर्षको दायित्व भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले २०७९।८० मा विभिन्न संस्था, उपभोक्ता समिति, फर्महरूलाई रू.७७,४६,१९२।- गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) विवरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो वर्ष रू.५९,२९,१२३।- भुक्तानी गरेको देखिन्छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठूलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

क्र.स	आयोजना/ कार्यक्रम/ क्रियाकलापको नाम	कारोबारको संक्षिप्त ब्यहोरा	भुक्तानी पाउने पार्टी वा कम्पनीको नाम	भुक्तानीयोग्य रकम
१	वडा नं ३ आधारभुत स्वास्थ्य चौकी भवन	निर्माण कार्यको भुक्तानी	भक्ति कन्सट्रक्सन	७९१४५९
२	ल्यापटप खरिद	सामग्री खरिद बिल भुक्तानी	केडि इन्टरप्राइजेज	६००००
३	मिनि टिलर खरिद	सामग्री खरिद बिल भुक्तानी	एन्जिला मेसिनरी एण्ड टुल्स	२९००००
४	वडा नं ९ को देउराली चौतारा रेलिङ तथा बेन्च निर्माण	निर्माण कार्यको भुक्तानी	ग्लोबल हार्डवयर एण्ड इन्टरप्राइजेज	८४६८२
५	तार्कुघाट प्रहरी चौकी इन्टरनेट शुल्क	सेवा शुल्क भुक्तानी	पि.डि.एस सर्भर नेटवर्क प्रा.लि	५५४०
६	ज्येष्ठ नागरिक दिवश वडा नं १	कार्यक्रम संचालन भुक्तानी	वडा नं १ कार्यालय	१००००
७	पैदल मार्गि विश्राम स्थल निर्माण वडा नं ४	निर्माण कार्यको भुक्तानी	बन्द्रवोटे अल्काटार सिँढि निर्माण समिति	५१४१०
८	वडा नं ८ कार्यालयको च्यानल गेट निर्माण	निर्माण कार्यको भुक्तानी	ग्लोबल हार्डवयर एण्ड इन्टरप्राइजेज	६१४६५
९	पारिश्रमिक	पारिश्रमिक भुक्तानी	सेवा प्रदायक	१२०८६६
१०	बोहोरागाउँ बाटो मर्मत	निर्माण कार्यको भुक्तानी	चम्पावती निर्माण सेवा	१९९८०
११	नगरपालिकाको वेट्रि र इन्भटर मर्मत	कार्यालय सामग्री मर्मत संभार	धादिङ उर्जा प्रा.लि	८४१८५
१२	शारदा मा वि बाट तिनपाटे जोडने पैदल मार्ग	निर्माण कार्यको भुक्तानी	शारदा मा वि बाट तिनपाटे जोडने पैदल मार्ग निर्माण उ.स	१८५८५
१३	वडा नं ३ पुरानो वार्ड कार्यालय रङरोगन र मर्मत	निर्माण तथा मर्मत संभार	के.सि हार्डवयर	४३३००
१४	शिवशक्ती मंगलटार गुठी समुह भवन	निर्माण कार्यको भुक्तानी	शिवशक्ती मंगलटार गुठी समुह	१९४०००
१५	अल्काटार चिसापानी बोहोरागाउँ मोहोरियाकोट सडक स्तरोन्नती योजना	निर्माण कार्यको भुक्तानी	अल्काटार चिसापानी बोहोरागाउँ मोहोरियाकोट सडक स्तरोन्नती योजना उ.स	३९३७६७
१६	लामपाटा ढाडखर्क गैरीगाउँ ज्यामिरे सडक	निर्माण कार्यको भुक्तानी	लामपाटा ढाँडखर्क गैरीगाउँ ज्यामिरे सडक	४८५०००
१७	कमल तामाङको घरछेउको कल्भर्ट निर्माण	निर्माण कार्यको भुक्तानी	कमल तामाङको घरछेउको कल्भर्ट निर्माण उ.स	८४२४०
१८	ढुङ्गेकोल निर्माण वाडा नं ६	निर्माण कार्यको भुक्तानी	ढुङ्गेकोल निर्माण उ.स	११२८७६
१९	मेलमिलाप केन्द्र व्यवस्थापन	कार्यालय संचालन तथा प्रशासनिक	सम्वन्धित मेलमिलापकर्ताहरु	४०५००
२०	प्राविधिक शिक्षालयका विद्यार्थिहरुलाइ छात्रवृत्ति	छात्रवृति वितरण कार्यक्रम	राइनास बहुप्राविधिक शिक्षालय	१८५६००
२१	पदाधिकारीहरुलाइ झोला खरिद	सामग्री खरिद बिल भुक्तानी	स्काइ प्रेस एण्ड ट्रेड लिंक प्रा.लि	२२२०४५
२२	मोटर गार्डेन प्रा.लि	सवारी मर्मत संभार	मोटर गार्डेन प्रा.लि	८४२३९
२३	शिक्षक प्रोत्साहन	प्रोत्साहन रकम भुक्तानी	तेजनाथ पोख्रेल	५००००

२४	वडा नं २ मा इलेक्ट्रिक सामग्री खरिद	कार्यालय समाग्रि खरिद	वडा नं २ कार्यालय	१५१९०
२५	कालिका आमा समुह	कार्यक्रम संचालन भुक्तानी	कालिका आमा समुह	७५०००
२६	मेहेन्दो तमु समुह	कार्यक्रम संचालन भुक्तानी	मेहेन्दो तमु समुह	१५००००
२७	क्षमता विकास योजना तर्जुमा	सेवा शुल्क भुक्तानी	रिस्ती मादि प्रा.लि	४७२३६४
२८	वडा नं ५ सार्वजनिक शौचालय निर्माण	निर्माण कार्यको भुक्तानी	वडा नं ५ सार्वजनिक शौचालय निर्माण उ.स	६७००००
२९	कार्यालयको सवारी साधन मर्मत	मेसिनरि तथा औजार मर्मत	बतास ब्रदर्श प्रा.ली	६०२८३०
३०	कृषि विकास शाखामा माटो परिक्षण उपकरण खरिद	मेशिनरि तथा औजार	उर्वरा भेन्चर	२५००००
३१	नगरपालिकाको प्रशासकिय भवनमा सोलार जडान	मेशिनरि तथा औजार	एभरेष्ट सोलार इनर्जि (प्रा) लि.	२०००००
	जम्मा			५९२९१२३

२१ बजेट पेस, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.५६ करोड ४६ लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ७९.४९ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । बजेट कार्यान्वयन दक्षता बढाउनु पर्ने देखिन्छ ।

२२ मर्मत संभार

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८२ मा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८०।८१ मा मात्रै पालिकाले पालिकाका प्रमुखले प्रयोग गर्ने गाडीहरू ग१झ ४२३ मा रू.५,५२,६७२।३४, उपप्रमुखले प्रयोग गर्ने ग१झ २८४ मा रू.३,५०,०००।-, कार्यालयले प्रयोग गर्ने ग१झ३५७ मा रू.४,८५,९३८।०८, डोजरमा रू.२,८७,७००।–, ग१झ६७५ कृषि एम्बुलेन्समा रू.१९,५९६।२० र विभिन्न कर्मचारीले प्रयोग गर्ने २५ वटा मोटरसाइकलको मर्मत संभारका लागि समेत रु.२२,३६,५२८।- खर्च गरेको छ । सवारी साधन मर्मतका लागि यति ठुलो रकम खर्च गर्नु उचित देखिदैन।यस्तो प्रकारको खर्च नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२३ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२४ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले

हालसम्म १० वटा ऐन, ५ वटा नियमावली, ३४ वटा कार्यविधि, २ वटा निर्देशिका, १ मापदण्ड र २ अन्य लगायत ५४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

२५ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२६ ठेक्का व्यवस्थापन

ठेक्का व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ (७) बमोजिम बार्षिक कार्यक्रम तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउदा कार्यान्वयन गरीने आयोजना वा कार्यक्रमको पूर्वतयारी अवस्था, खरिद विधि छनौट प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आवहान गर्ने जस्ता कार्य प्रथम चौमासिक अवधिभित्र संम्पन्न गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले लगाएका ७ ठेक्काको अवस्था निम्न अनुसार रहेका छनः

सि.नं	निर्माण योजना	निर्माण व्यवसायी	सम्झौता रकम	घटी प्रतिशत	सम्झौता मिति	ठेक्का सम्पन्न गर्नुपर्ने अवधी	हालसम्मको भुक्तानी	म्याद थप
१	वडा नं १ को भवन निर्माण योजना	भक्ति कन्स्क्ट्रक्सन	१२१६००३३	३२.३५	२०८०।९।८	२०८१।३।१५	३३५९३२८	२०८१।७।४
२	वडा नं ६ को भवन निर्माण योजना	भक्ति कन्स्ट्रक्सन	७९०१८८१	३३.४२	२०८०।३।१५	२०८१।७।४	३२२८३५०	२०८१।७।४
३	वगरगाँउ उपल्लो फाँट टुडावगर सडक योजना	जानस निर्माण सेवा	११३४२९७१	३३.७४	२०८०।१०।१४	२०८१।३।१५	९७५६७४०	अन्तिम विल पेश गरेको ।
४	वडा नं ३ को कार्यालय भवन पर्खाल निर्माण	जय भोले वावा कन्स्क्ट्रसन	२७९२२७७	२७.५	२०८०।१२।१३	२०८१।३।१५	२३७६९२६	कार्य सम्पन्न भएको ।
५	सुभोदया मा वि विद्यालयको छात्राबास	रेशिभा कन्स्ट्रक्सन	१३३०२०६९	३२.५१	२०८०।१०।१४	२०८२।१०।१४	४९९७९२५	समय बाँकी
६	टिमुरे वोराङ्खोला प्यारजङ्ग भन्ज्याङ्ग सडक	निकेश कन्स्क्ट्रसन	१०५०१५५३	३८.८	२०८०।१०।१४	२०८१।३।१५	६५६६०१०	२०८१।९।१४
७	टिमुरे बोराङ्गखोला सडक	जय भोले बाबा कन्स्क्ट्रन	६५६३९८७		२०८०।१२।१३	२०८१।३।१५	१९३२२६०	२०८१।९।१४
८								

२७ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.४८,९८,४९३।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए

नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

भौ.नं.।मिति	योजना तथा कार्यक्रम	रकम	लाभग्राही
१७४।२०८१।३।२२	आ.व. २०७९।८० मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता	४९८०००	दिगो कृषि व्यवस्थापन तथा अनुसन्धान कृषि सहकारी
१७३।२०८१।३।२२			मार्गदर्शन महिला बहुउद्धेश्यीय सहकारी
१७६।२०८१।३।२२			कुडुले किवी फलफुल तथा अलैची उत्पादक कृषक समूह
१७०।२०८१।३।२१	आ.व. २०७९÷ ८० मा स्थापना भएको मौरी पकेट विकास कार्यक्रमको निरन्तरता	६०२०००	घडेरी देवी कृषि सहकारी मौरी सहितको घार (४१वटा) र खाली घार (२ वटा) खरिद
			कालिका सिजनल कृषि सहकारी-मौरी सहितको घार (२७) र खाली घार (४०) खरिद
			प्यार्जुंग मौरी पालक कृषक समूह- मौरी सहितको घार (२९) र खाली घार (३५) खरिद
१६२।२०८१।३।२०	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धानगहुँ)	७३६०००	वड़ा न. १= १३८० के.जी.
			वड़ा न. २= ११२५ के. जी.
			वड़ा न. ३= माग नआएको
			वड़ा न. ४= ५१३ के.जी
			वड़ा न. ५= ७०९ के.जी.
			वड़ा न. ६= ४०५९ के. जी.
			वड़ा न. ७= ५४०० के.जी
			वड़ा न. ८= माग नआएको
			वड़ा न. ९ = ७८५ के.जी
			वड़ा न. १० = माग नआएको
			जम्मा = १३९७१ के.जी
१६४।२०८१।३।२०	धानबाली प्रवर्धन कार्यक्रम	१००००००	कालिका सिजनल कृषि सहकारी- (विनियोजित रकम: २०००००)
१६९।२०८१।३।२१			जनहित बहुउद्धेश्यीय कृषि सहकारी (विनियोजित रकम: २०००००)
१६६।२०८१।३।२०			कुमाल समाज राइनास (विनियोजित रकम: २०००००)
१६३।२०८१।३।२०			नमुना बहुउद्धेश्यीय कृषक समूह(विनियोजित रकम: २०००००)
१६८।२०८१।३।२१			राइनास हर्राबोट कृषक समूह(विनियोजित रकम: २०००००)
१९१।२०८१।	किवी खेती प्रवर्धन कार्यक्रम	३६३४२०	वडा नं ९

३।२३			
१७१।२०८१।३।२१	तेलहन बाली प्रवर्धन कार्यक्रम	२०००००	वडा नं. ५ : कुमाल समाज राइनास
१८०।२०८१।३।२२		२०००००	वडा नं. ८ राइनास हर्राबोट बिजवृद्धि कृषक समूह
१३१।२०८१।३।१७	पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत फलफूल तथा तरकारी बेर्ना उत्पादन तथा वितरण कार्यक्रम	१०००००	वडा नं ४ स्थित श्री शौभाग्योदय मा. वि. मा
१३२।२०८१।३।१७		९९,०७३	वडा नं ८ स्थित राइनास बहुप्राविधिक शिक्षालय मा
१४३।२०८१।३।१८	मसलाबाली प्रवर्धन कार्यक्रम	१०००००	वडा नं ५
२६१।२०८०।११।२९	कोदो उत्पादनमा आधारित नगद अनुदान कार्यक्रम	१००००००	वडा नं. १२३४६८९ र १०
	जम्मा	४८९८४९३	

२८ **विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था छ र सोहीबमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा यस वर्ष पालिकाले गो भौ नं ९५।०८१।०२।२० माविभिन्न ३६ विद्यालयको सामाजिक तथा आर्थिक लेखापरिक्षण बापत रु ४१५०००।-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु

विद्यालयको नाम	रकम
श्री महेन्द्र बाल बिकास माध्यमिक बिद्यालय	१५०००
श्री ज्ञानोदय माध्यमिक विद्यालय	१५०००
श्री सौभाग्योदय नमुना माध्यमिक विद्यालय	१५०००
श्री शिशु विद्याश्रम माध्यमिक विद्यालय	१५०००
श्री शैलपुत्री नमुना माध्यमिक विद्यालय	१५०००
श्री शारदा माध्यमिक विद्यालय	१५०००
श्री बीरभक्ति माध्यमिक विद्यालय	१५०००
श्री रुद्र माध्यमिक विद्यालय	१५०००
श्री भैरव माध्यमिक विद्यालय	१५०००
श्री जनता माध्यमिक विद्यालय	१५०००
श्री बुद्धमिलन माध्यमिक विद्यालय	१५०००
श्री कालिका आधारभूत विद्यालय	१००००
श्री सरस्वति प्राथमिक बिद्यालय	१००००
श्री चम्पावति प्राथमिक बिद्यालय	१००००
श्री जनचेतना प्राथमिक बिद्यालय	१००००
श्री प्रगति प्राथमिक बिद्यालय	१००००
श्री बसन्ताबति प्राथमिक बिद्यालय	१००००
श्री बिरेन्द्र दीप प्राथमिक बिद्यालय	१००००
श्री चण्डी प्राथमिक बिद्यालय	१००००
श्री मिलन प्राथमिक बिद्यालय	१००००
श्री सरस्वति प्राथमिक बिद्यालय	१००००
श्री अमर ज्योति प्राथमिक बिद्यालय	१००००
श्री शुभोदय प्राथमिक बिद्यालय	१००००
श्री शुर्दशन प्राथमिक बिद्यालय	१००००
श्री कृष्ण प्राथमिक बिद्यालय	१००००
श्री शान्ति देवी प्राथमिक बिद्यालय	१००००
श्री दुर्गादेबी प्राथमिक बिद्यालय	१००००
श्री बिरेन्द्र शान्ति प्राथमिक बिद्यालय	१००००
श्री सप्त कन्या प्राथमिक बिद्यालय	१००००
श्री देवी प्राथमिक बिद्यालय	१००००

श्री गौतम प्राथमिक बिद्यालय	१००००
श्री सिद्धार्थ प्राथमिक बिद्यालय	१००००
श्री महेन्द्र प्राथमिक बिद्यालय	१००००
श्री मनकामना प्रा.बि	१००००
श्री महेन्द्र ज्योति प्रा.बि	१००००
श्री सन्त प्रा.बि	१००००
जम्मा	४१५०००

प्रमाण पेश नगरेको	४,१५,०००

२९ **स्यानीटरी प्याड:**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ बमोजिम कार्यालयले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड खरिद तथा वितरण कार्यक्रमको लागि रु ११००१०५।-रकम खर्च लेखेको देखिन्छ । सोही बमोजिम कार्यालयलबाट खरिद गरिएका ११२२५ थान स्यानिटरी प्याड रु ९८ मा खरिद गरी वितरण भएकोमा ५६५ प्याकेट वितरण नभई पालिकाको भण्डारमा रहेकोले सामान खरिद गर्दा आवश्यकताको आधारमा खरिद गर्नुपर्ने र भण्डारमा रहेका स्यानिटरी प्याडलाई समयमानै वितरण गरी सोको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	५५,३७०

३० **कार्यपत्र पेश नभएको :**

आर्थिक कार्यविधी तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १० बमोजिम जिम्मेवार व्यक्तिलेसरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विलभर्पाइ र कागजात संलग्न भए वा नभएको तथासंलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्थारहेको छ ।पालिकाले गो भौ नं १३३।०८१।०३।१७ मा विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालय सुधार योजना र पाठयक्रम प्रवोधिकरण कार्यक्रमा विभिन्न प्रशिक्षकले प्रशिक्षण गरेवापत प्रशिक्षक भत्ता भुक्तानी गरेकोमा प्रशिक्षण गरिएको विषयवस्तुको कार्यपत्र नरहेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२३,६००

३१ **सामुदायिक सिकाइ केन्द्र संचालन अनुदान :**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.११ मा स्थानीय तहले नियमित संचालनमा रहेका तथा निश्चित मापदण्ड पुगेका सामुदायिक सिकाई केन्द्रको संचालनको लागि वार्षिक एकमुष्ठ २ लाख रुपैया सम्म अनुदान दिन सक्ने व्यवस्था रहेको छ । उक्त अनुदान रकमबाट सामुदायिक सिकाई केन्द्रका परिचालिकाको प्रमाणित हाजिरीको आधारमा मासिक ८००० को दरले १२ महिनाको रकम पारिश्रमिकमा खर्च गर्न सकिने तथा बाँकी अनुदानबाट सिकाई केन्द्रले बार्षिक कार्यक्रम तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गर्नुपर्ने र कार्यक्रमको प्रस्तावनाको आधारमा स्थानीले तहले थप बजेटको व्यवस्था गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले मोहोरियाकोट सामुदायिक सिकाइ केन्द्रलाई कर्मचारीको तलब वापत रु १३०००० रकम निकासा दिएकोमा उक्त सिकाइ केन्द्रबाट यस आवमा कुनै कार्यक्रमको प्रस्तावाना पेश गरी कार्यक्रम संचालन नगरेको साथै सिकाई केन्द्रका कर्मचारी सानुमाया विकलाई जनता माविमा शिक्षकको रुपमा राखि तलब खुवाइएको हुँदा अनियमित देखिएको रु
तथा संचालनमा नरहेका सिकाइ केन्द्रलाई उदेश्य अनुरप संचालन गर्नतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

अनियमित भएको	१,३०,०००

३२ **नमुना विद्यालयः**

स्थानीय तहले विद्यालयको भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि अनुदान उपलब्ध गराउने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यान्वयन पुस्तिका ०८०।८१ को क्रियाकलाप नं ११·१·२·४४५ मा उल्लेख छ । उक्त अनुदान रकम विद्यालयलाई उपलब्ध गराउँदा सम्पादन हुने कार्यक्रमको लागत अनुमान तथा विद्यायलयको ड्रइङ डिजाइनिङ सहितको गुरुयोजना निर्माण सहित अनुदान माग गर्न लगाई उपलब्ध गराउने, विद्यालयको भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य संचालन गर्ने तथा उक्त बजेट विद्यालय र स्थानीय तह बीच सम्झौता गरी कार्यप्रगतिको आधारमा उपलब्ध गराउने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं ५६ र १८४ ।०८०।११।११ र ०८०।०३।२२ बाट शैलपुत्री नमुना विद्यालयलाई शैक्षिक क्षेत्रको सुधारको लागि २६६३७०१ रकम निकासा गराएकोमा विद्यालयले नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत शैक्षिक व्यवस्थापकीय एंव प्रशासनिक कार्यसम्पादन अनुदान कार्यान्वियन कार्ययोजना २०८०।८१ तयार पारि स्थानीय तहमा पेश गरेको छैन । विद्यालयबाट करारमा नियुक्त शिक्षकको तलब भत्ता निकासा गर्दा EFT नभएको, खरिद भएका सामग्रीहरुको स्पष्ट रुपमा जिन्सी दाखिला गर्ने नगरेको तथा खरिद कार्यगर्दा खरिद कार्यविधिको पालना गर्ने गरेको प्रमाण देखिदैन । साथै विद्यालयले शैक्षिक व्यवस्थापनको लागि अतिरिक्त कक्षा संचालन गरेको भनी विद्यालयको शिक्षकलाइ भत्ता उपलब्ध गराएकोमा अतिरिक्त कक्षा संचालनको समय, अध्यापन गराइएका विषयवस्तु तथा सहभागी विद्यार्थीको उपस्थितिको विवरण पेश नगरेकोले सोको यथेष्ट प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,२१,५३०

३३ **कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरणः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २·७·१३·४२ मा GPE को सहयोगमा कोभिड १९का कारण विपन्न परिस्थितिमा सिकाइ सहजीकरण लागि शैक्षिक कार्यक्रमको व्यवस्था रहेको छ । सोहीबमोजिम पालिकाले कक्षा १ देखि ३ सम्मको विद्यार्थी शैक्षिक स्थिति सुधारको लागि गो भौ नं ५८।०८०।११।११ मा पब्लिक छापाखानाबाट १००० प्रति विद्यार्थी मुल्यांकन पुस्तिका प्रति दर रु २०८.९ मा खरिद गरि रु २,५०,००० भुक्तानी भएकोमा emis को विद्यार्थी सङ्ख्याभन्दा बढी सङ्ख्यामा मुल्यांकन पुस्तिका छपाइएको तथा उक्त पुस्तिका पालिकाको भण्डारमा नै रहेकोले खरिदको आवश्कयता वेगर खरिद खरिएको बढी प्रति ३४३ पुस्तिकाको खरिद कार्य अनियमित देखिएको रु

अनियमित भएको	७१,६५३

३४ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.४२,६५,२६१।- तलब भत्ता अनुदान दिएको पाइयो । पालिकाको आन्तरिक आम्दानी समेत न्यून रहेको अवस्थामा यसरी विद्यालयले व्यवस्था गरेको निजी शिक्षकहरूको तलब वापत रकम अनुदान दिएको नियमसम्मत नदेखिएको रू.

मिति	गो.भौ.नं	कार्यरत विद्यालय	शिक्षक संख्या	अनुदान रकम
6/24/2080	१७	श्री भैरब मा.बि	१	११३९७०
		श्री रुद्र मा.बि	१	१५१९६०
		श्री शारदा मा.बि	२	२६५९३०
		श्री शिशु बिद्याश्रम मा.बि	२	२३९२३७
		श्री सौभाग्योदय नमूना मा.बि	२	३०३९२०
दोस्रो त्रैमासिक				
२०८०।४।१०	१५६	श्री भैरब मा.बि	१	११३९७०
		श्री रुद्र मा.बि	१	११३९७०
		श्री शारदा मा.बि	२	२२७९४०
		श्री शिशु बिद्याश्रम मा.बि	२	१७२२२१
		श्री सौभाग्योदय नमूना मा.बि	२	२२७९४०
तेस्रो त्रैमासिक				
२०८१।१।२५	२६५	श्री भैरब मा.बि	१	१२३९७०
		श्री रुद्र मा.बि	१	१२३९७०
		श्री शारदा मा.बि	२	१९४८८४
		श्री शिशु बिद्याश्रम मा.बि	२	२५६९३५
		श्री सौभाग्योदय नमूना मा.बि	२	२४७९४०
चौथो त्रैमासिक				
२०८१।३।९	३४४	श्री भैरब मा.बि	१	११३९७०
		श्री रुद्र मा.बि	१	८४८४४
		श्री शारदा मा.बि	२	२२७९४०
		श्री शिशु बिद्याश्रम मा.बि	२	२२७९४०
		श्री सौभाग्योदय नमूना मा.बि	२	२२७९४०
		कुल जम्मा		३७६१३९१

अनियमित भएको	३७,६१,३९१

३५ **सट्टा शिक्षक :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ।जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तह सम्मको शैक्षिक व्यवस्थापन, शिक्षक दरवन्दी मिलान, परिक्षा व्यवस्थापन जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ।स्थानीय सरकार सञ्चालन ऐन पश्चात स्रोत केन्द्र सम्वन्धी व्यवस्था खारेज भएता पनि पालिकाले स्रोतव्यक्तिको रुपमा वुद्धमिलन माविमा कार्यरत शिक्षक कुमारनाथ न्यौपानेलाई पालिकामा कामकाज गर्ने गरी सरुवा गरी निजको सट्टामा १ जना शिक्षक गौमति गुरुङलाई नियुक्ति गरी तलव भत्ता शिर्षकमा पालिकावाट वार्षिक रु.५०३८७०।०० खर्च लेखेको देखिन्छ।यसरी पालिकाको

शिक्षा महाशाखामा कर्मचारी व्यवस्थापन भइसकेपश्चात पनि पालिकामा व्ययभार पर्नेगरी सामुदायिक शिक्षकको योग्यता, अनुभव, सेवा आयोगको छनौट प्रक्रिया फरक भएको अवस्थामा समेत शिक्षक नियुक्ति गरी तलव भत्ता भुक्तानी दिएकोले अनियमित देखिएको रु.

अनियमित भएको	५,०३,८७०

३६ **अध्ययन अवलोकन भ्रमण:**

आर्थिक कार्यविधी तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १० बमोजिम जिम्मेवार व्यक्तिलेसरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विलभर्पाइ र कागजात संलग्न भए वा नभएको तथासंलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्थारहेको छ । पालिकाले गो भौ नं १८४।०८१।०३।२२ बाट शैलपुत्री नमूना माविको विद्यालय भ्रमणमा गाडी भाडा खर्च वापत रु ७२००० खर्च गरी रकम भुक्तानी दिएकोमा भ्रमण गरिएको स्थान,मिति,गाडी भाडा सम्झौता तथा भ्रमणमा सहभागीहरुको उपस्थिति आदि नरहेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	७२,०००

३७ **न्यानो झोला वितरण :**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ६१।०८०।११।१८ मा रु ८९६ मा ९५ सेट न्यानो झोला खरिद थानीमाई इन्टरनेशनललाई रु ८५१२८ भुक्तानी गरेकोमा गरी १० सेट वितरण हुन बाँकी रहेकोले वितरण गरी सोको भरपाई पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	८,९२०

३८ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा पदमार्ग निर्माण, गोरेटो बाटो निर्माण लगायतका योजना सञ्चालन गरी यस वर्ष १० जनालाई औसत २३ दिनले २३० दिन रोजगारी उपलब्ध गराई रु.१,५८,७००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३९ **मृगौला प्रत्यारोपण**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा २ ख बमोजिम “लक्षित समुह” भन्नाले मृगौला प्रत्यारोपण गराएका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग पहिचान भई उपचारपछि निको भईसकेका व्यक्ति बाहेकका क्यान्सर रोगी (क्यान्सर पहिचान भई उपचारपछि निको भईसकेका तर चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानीमा (close follow up) राखेका व्यक्ति यस लाभग्राहिको सूची भित्रैपर्ने) र मेरूदण्ड पक्षाघात भएका (रातो र नीलो अपाङ्ग परिचय पत्र वाहक) व्यक्ति सम्झनु पर्ने र २ ग मा “लाभग्राही” भन्नाले लक्षित समुहमा परेका औषधि उपचार गर्न नसक्ने गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्र वाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा बिपन्न व्यक्ति वा स्थानीय तहबाट सिफारिस समिति गठन गरी पहिचान भएका बिपन्न रहेको प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनुपर्ने उल्लेख छ । त्यसै गरी सोही कार्यविधिको दफा ४ मा लाभग्राहीलाई नेपाल सरकारले तोकेको मासिक रू.५०००।- का दरले त्रैमासिक रुपमा महिनाको

अन्तिम दिन स्थानीय तहले लाभग्राहीको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले तयार भएको परिचयपत्र वितरण नगरी परिचयपत्रमा उल्लेखित लाभान्वित वर्गको नामनामेसी भिडान नगरी वडा कार्यालय तथा चिकित्सकको सिफारिसको आधारमा उपरोक्त कार्यविधिको शर्त पालना नगरी ४९ जना व्यक्तिहरुलाई रू.२४,९०,०००।- भुक्तानी दिएको छ । कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४० **इन्डकक्सन चुलो** (४४-२०८१-२-१९):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययिता अपनाउनु पर्ने व्यपस्था उल्लेख छ साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिताउंनु पर्ने उल्लेख छ। पालिकाको निर्णय अनुसार कार्यविधिद्वारा व्यवस्थित गर्ने गरी १०० थान इन्डक्सन चुलो खरिद गरेकोमा ६२ थान चुलो विद्यालय, वडा कार्यालय स्वास्थ्य चौकी तथा पालिकाको विभिन्न शाखाहरूमा वितरण गरेकोमा जिन्सी स्रेस्तामा मौज्दात रहेको ३८ थान चुलो कार्यविधि स्वीकृत गरी वितरण गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१,७१,३३०

४१ **न्यून विजकिकरण**

न्यून विजकिकरण

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको विल भरपाई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न काम उपभोक्ता समिति मार्फत गराएकोमा खर्चको विल परीक्षण गर्दा जिल्ला दररेट भन्दा ज्यादै न्यून दरमा विजक पेश गरेको देखियो । जिल्ला दररेटमा ओ. पि. सि. सिमेन्टको प्रति बोरा रु. ८३० (भ्याट वाहेक) र पि. पि. सि. सिमेन्टको प्रति बोरा रु.७३० (भ्याट बाहेक) रहेकोमा पालिकाले देहायका उपभोक्तालाई सोही दरमा मु.अ.क. सहित भुक्तानी दिएको र उपभोक्ता समितिले न्युन दरको विजक पेश गरेकाले मुल्य अभिवृद्धि कर उपभोक्ता समितिलाई वढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. ३६२३३

गो भौ न। मिति	उपभोक्ता समिति		मुल्याङ्कन वमोजिम को भुक्तानी मु.अ. कर	उपभोक्ता समितले पेश गरेको विजकमा मु.अ. कर	फरक मु.अ.कर
१४३,२०८१।३। १९	चालिसे खहरे गौरिगाँउ सडक स्तरोन्नती योजना	सिमेन्ट	२५८१२	३३६८९	७८७७
१०५।२०८१।३। १३	प्यारजंग सडक स्तरोन्नती योजना	सिमेन्ट	१४१९३	१९५६७	५३७४
१४७।२०८१।३। २०	भङ्गोरी दमाहा ढुङ्गगा स्तरोन्ती सडक	सिमेन्ट	२४६७८	२७७१६	३०३८
१५२।२०८१।३। २१	राईनाश वहुप्राविधिक शिक्षालय जाने बाटो	सिमेन्ट	१९२५७	२१३३१	२०७४
१७९।२०८१।३। २४	६ नं वडको आन्तरिक सडक मर्मत	सिमेन्ट	४३६७	६००६	१६३९
१६।२०८०।५। २५	शिवशक्ति मंगलटर गुठी भवन ढलान कार्य	सिमेन्ट	२३९५	२८२१	४२६
५३।२०८१।२। १५	जलविरे ३ पिप्ले हिमालय देउराली सडक	सिमेन्ट	२८१५०	३०३६८	२२१८
		सिमेन्ट	२३५५	२९९०	६३५
६६।२०८१।०२। २३	ढालफाँट फोक्सिङ्ग चेपे सडक	सिमेन्ट	५४७५	६९५१	१४७६
१३५।२०८०।३। १९	लामपाटा छाप गौरी गाउ मोटरबाटो	सिमेन्ट	३३५४	४२२२	८६८
१४३।२०८१।३। १९	चालिसे खहरे गौरीगाँउ लुपुगाउ सडक	सिमेन्ट	१३५५५	१८६३७	५०८२
१०८।२०८१।३। १६	वृद्ध आमा शौचालय निर्माण	ईट्टा	२५३०	४१११	१५८१
१६४।२०८१।३। २३	सरस्वती मन्दिर निर्माण	ईट्टा	२०८७	३४०५	१३१८
१७।२०८०।५। २५	सार्वजनिक शौचालय निर्माण वडा ५	ईट्टा	३६२९	४२९०	६६१
३९।२०८१।१। ३१	तार्कुघाट सभाहल स्तरन्नती	डण्डी	९४३४	११४००	१९६६
				असुल गर्नुपर्ने	३६,२३३

४२ **बोराङखोला मसार भङ्गोरी खार्पोचौर सडक स्तरोन्नती योजना**

पालिका तथा निर्माण व्यवसायी सुन्दर निर्माण सेवा बिच मिति २०८१।३।१५ सम्म निर्माण कार्य सम्पन्न गर्ने २०७९।९।२८ मा रु २६४२८६७८ मा निर्माण सम्झौता भएको थियो ।यस सम्बन्धि देखिएका व्यहार निम्न छनः

योजना छनौट गर्दा स्रोत सुनिश्चित भएका, डि पी आर तयार भएका तथा स्थानीय स्तरमा विवाद टुङ्गो लागेका योजनालाई प्राथमिकता

दिनुपर्दछ ।यस योजनामा यस वर्ष रु १०९३७३४६ भुक्तानी भई हाल सम्म रु १०९३७३४६ भुक्तानी भएकोमा दोस्रो रनिङ्ग विलसम्मको सम्पूर्ण रकम भुक्तानी नभएको देखिएको छ ।पालिकासँग यस विषयमा छलफल हुँदा बजेट अभावको कारण नापी कितावमा चढेको कार्यको विजक पेश हुँदा समेत भुक्तानी समयमा नभएको पाइयो ।दुई पटक म्याद थप भई योजना सम्पन्न भएकोमा लेखापरीक्षण अवधिसम्म अन्तिम रनिङ्ग विल पेश नभएकोले समयमै विल विजक पेश गर्ने लागाई योजना फरफारक गर्नु तर्फ ध्यान दिनुपर्दछ । पालिकासँग छलफल हुँदा योजना सम्पन्न भएतापनि बजेट अभावको कारण भुक्तानी दिन नसकेको प्रतिकृया ।

४३ **औद्योगिक ग्राम**

विविध खर्च शीर्षकबाट पालिका तथा निर्माण व्यवसायी मल्टि ईन्जिनियरिङ्ग निर्माण सेवा बीच मिति २०८०।९।३० सम्म निर्माण सम्पन्न गर्ने गरी मू अ कर सहित रु १,४६,२८,७३९ मा मासु प्रशोधन व्लक निर्माण गर्ने सम्झौता भएको ।यस योजनामा अन्तिम रनिङ्ग विल सम्म रु १,३९,३३,३४२ भुक्तानी भएको ।DPR मा मू.अ कर सहित रु ७१३५,६५,५३० लगानी आवश्यक पर्ने उल्लेख भएकोमा हालसम्म रु२६,६००,००० अर्थात ३.७२ प्रतिशत मात्र खर्च भएको पाइयो ।लगानीको स्रोत सुनिश्चित गरी औद्योगिक ग्राम संचालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४४ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को तेह्रौ संशोधन को दफा १२० क मा वितगमा म्याद सकिएका वा म्याद थप हुन नसकेका योजनाको हकमा बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हनु नसकेको, डिजाइन परिवर्तन भएको, निर्माण सामग्रीको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद परी निर्माण कार्य रोकिएको अवस्थामा निर्माण व्यवासायीले पेस गरेको कार्यतालिका बमोजिम कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्टयाँई र कार्य सम्पन्न गर्ने लाग्ने अवधि खुलाई निवेदन पेश गर्नुपर्नेमा निर्माण व्यवसायीले कतिपवय योजनामा कुनै पनि कारण नखुलाएका तथा केही निवेदनमा चाडपर्व, अविरल वर्षा, निर्माण सामग्रीको अभाव जस्ता कारण देखाई म्याद थपको निवेदन पेश गरेका । नमुना छौटको आधारमा परीक्षण गरीएको श्रोस्तामा निम्न निर्माण व्यवसायीले म्याद थपको कुनै पनि कारण पेश नगरी म्याद थप लिएको देखियो। पालिकाले म्याद थपको निवेदन प्राप्त भए पश्चात म्याद थप हुनुको कारण र औचित्यता समेत विश्लेषण गरी अधिकार प्राप्त अधिकारीले म्याद थपको निर्णय गर्नुपर्नेमा सो नगरी नगर कार्यपालिकाको निर्णयको आधारमा म्याद थप गरेको देखियो। तसर्थ, कार्यालयले निवेदकको कारणले निर्माण कार्य ढिलाई भएको हो वा होइन यकिन गरी नियमावलीको प्रावधानको आधारमा म्याद थप गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।

क्र सं	योजनाको नाम	निर्माण व्यासायी	शुरु सम्झौता मिति	म्याद थप मिति	म्याद थपको कारण
१	टिमुरे-बोराङ्गखोला प्यारजङ्ग भन्ज्याङ्ग सडक	निकेश कन्स्क्ट्रसन	२०८०। १०।१४	२०८१। ९।१४	कडा चट्टा भएको तथा अविरल वर्षाको कारण ।
२	शिशु विद्याश्रम मा वि छात्राबास	सुन्दर-रेग्मी जे भी	२०७९। ११।०२	२०८२। २।३	कार्यपालिकाबाट मिति २०८१।२।३० मा निर्णय भएको ।छात्राबास निर्माण स्थाल पछाडिको क्षेत्रमा पर्खाल निर्माण गर्नुपर्ने भएकोले समय थप गरिएको प्रतिकृया प्राप्त भएको ।

४५ **नन् फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।कार्यलयले देहाय वमोजिम कार्यमा मु अ कर सहित निर्माण व्यवसायी तथा उपभोक्ता समितीलाई भुक्तानी गरेकोमा आन्तरिक राजश्व विभागको वेभसाइटमार्फत प्यान सर्च गरि हेर्दा उक्त निर्माण कम्पनी ननफाइलर रहेकोले मु अ कर रकमको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट जारी भएको मु अ कर समायोजन पत्र पेश गर्नुपर्ने रु

क्र स	भौचर नं मिति	निर्माण व्यवसायी	रकम	मू अ कर	कैफियत
१	४६।२०८१।२।२	जेनस निर्माण कम्पनी प्रा लि	४२७२०१०	५५६३७७	

प्रमाण पेश नगरेको	५,५६,३७७

४६ **नगरपालिकाको प्रशासकीय भवन**

पालिका तथा निर्माण व्यवसायी कन्चनजंघा निर्माण सेवा बीच मिति २०८०।९।५ भित्र पालिकाको प्रशासकीय भवन निर्माण गर्ने मू. अ. कर सहित रु ४,६३,११,३५४ सम्झौता भएको ।यस सम्बन्धि देखिएको व्यहोरा निम्न छनः

४६.१ पालिकाले निम्न बमोजिमको कार्यको तोकीएको परिमाण भन्दा निम्न परिमाणको निर्माण कार्य अर्थात ८७ प्रतिशत भौतिक प्रगति हुँदा रु ४०५९८३३३ को नापी मूल्याङकन गरी भुक्तानी गरेको देखियो । यसरी कम कार्यको अन्तिम नापी मुल्याङ्कन गरी कार्य स्वीकर गरेको देखिएकाले पालिकाले यथार्थ लागत अनुमान गरी सोही बमोजिम कार्यसम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

कार्य	शुरु परिमाण घ मी	दर	नापी कार्य घ मी	फरक	प्रतिशत	रकम
Excavation	2076	200	1147	929	44.7	185800
Stone filling	282	150	133	149	52.8	22350
Brick work	223	13000	152	71	31.8	923000
Brick Ballest	14.9	15000	5.68	8.45	56.7	126750
Plaster 1:3	526	500	2115	1588	301.9	794000
Marbel flooring	401	3500	288	113	28.1	395500
Tile work	107	3500	47	60	56	210000
Punning work	106	400	194	88	83	35200
Painting work	430	400	54	376	87.4	150400
Two coat Alluminium paint	364	425	`178	185	50.82	78625
Door works	139	1400	69	70	50.35	98000
Ramp slab	2400	125	3270	870	36.25	108750

४६.२ GCC 71.2 मा निर्माण सम्पन्न पश्चात As Built Drawing पेश गर्नुपर्ने नगरे रु १५००० withheld गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले भौचर नं ७६।२०८१।२।२८ अन्तिम विल भुक्तानी बाट रु ३२९५५३६ भुक्तानी गर्दा उक्त रकम कट्टा नगरी भुक्तानी दिएकाले नक्सा पेश गर्नु पर्ने अन्यथा असूलउपर गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१५,०००

४७ **सवारी साधन खरिद**

सवारी साधन खरिदः क्याटलग खरिद सम्बन्धि कार्यविधि २०६४ को दफा ६ मा आधिकारिक विक्रेताबाट तोकिएको मूल्य र सुविधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहित आर्थिक प्रस्ताव प्राप्त गरेपछि मूल्यमा पाइने छुट र सुविधामा हुने थप समेतको आधारमा मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही प्रस्तावलाई छनौट गर्नुपर्ने व्यवस्था छ । पालिका तथा बतास इन्टरप्राइजेजसँग मिति २०७९।१०।६ मा कृषि प्रयोजनको लागि single cab 4wd पिक अप सवारी साधन खरिद गर्न मू. अ कर सहित रु २५६५००० मा सम्झौता भएकोमा एजेन्सी कम्पनीलाई रु १० लाख पेश्की तथा भौचर नं२६।२०८०।८।२५ बाट कर कट्टा गरी रु ८४३४५३ भुक्तानी भएको । ।यस सम्बन्धि देखिएका व्यहोरा निम्न छनः

४७.१ वेवसाईटमा उल्लेखि ब्रोसरमा उक्त सावरी साधनको मूल्य २५,७०,००० रहेको तथा वारेन्टी समय ३ वर्ष वा ३ लाख किलोमिटर उल्लेख भएको ।सार्वजनिक खरिद नियमावली २०६४ मा क्याटलक विधिबाट खरिद गर्दा उत्पादक वा आधिकारिक विक्रेता बाट प्रस्ताव

आव्हान गरी वेवसाइट वा ब्रोसरमा तोकिएको मूल्य र सुविधाको आधारमा प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले खरिद गरेको सावरी साधनमा बतास इन्टरप्रइजेजले १ वर्ष वा ५० हजार किलोमिटरको वारेण्टी समय राखी सावरी साधन उपलब्ध गराइएको पाइयो । यसरी तोकिएको समय भन्दा २ वर्ष कम वारेण्टी समय मान्य हुने गरी सवारी साधन आपूर्ती गर्दा भविष्यमा पालिकालाई मर्मत कार्यमा आर्थिक भार श्रृजना हुनेसक्ने हुँदा उक्त खरिद कार्य नियम संगत भएको नदेखिँदा नियमित गर्नुपर्ने रु

अनियमित भएको	२५,६५,०००

४७.२ यसरी भुक्तानी गर्दा आयकर ऐन २०५८ अनुसारको १.५ प्रतिशत अग्रीम आयकर रु २४४७० तथा मू अ कर ऐन अनुसार ३० प्रतिशत मू अ कर रु ६३६२३ कट्टा नगरी भुक्तानी गरेको देखियो । तसर्थ, अग्रीम कर कट्टी नगरी भुक्तानी भएको असुलउपर गर्नुपर्ने रु २४४७० तथा मू अ कर कट्टा नगरी भुक्तनी गरेको रकमको मूल्य समायोजन प्रमाण पेश गर्नुपर्ने रु ६३६२३

प्रमाण पेश नगरेको	६३,६२३

४८ नेपाल जलवायु नमुना कार्यक्रम

पालिका तथा उपभोक्ता समिति बिच वडा नं ९ मा ढुङ्गा छाप्ने लगायत कार्यको लागि रु ५२२४१४६ मा लागत अनुमान गरी उपभोक्ताको अंश कट्टा गरी रु ४५५९००० भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्न छनः

• कार्य सम्पन्न गर्ने चम्पावति रोडा ढुङ्गा बालुवा प्रशोधन केन्द्र (610264377) बाट निर्माण साम्रगी खरिद गरेको पाइएको छ । पालिकासंग छलफल हुँदा ढुङ्गा, गिट्टी तथा बालुवा सम्बन्धि आय ठेक्का नलागेको तथा अमानतबाट समेत कार्य नभएको भनी जानकारी आएकोमा उक्त प्रशोधन केन्द्रले पालिकामा दहतर बहतर बापत रकम जम्मा गरे नगरेको यकिन गर्नुपर्ने तथा करको दायरामा नआएको भएमा यथाशिघ्र करको दायरामा ल्याउन पहल गर्नुपर्दछ ।

• पालिकाले निर्माण कार्यको सम्झौता गर्दाको अवस्थामा उल्लेखित परिमाण अनुसार भए नभएको यकिन गरी कार्य स्वीकार गर्नुपर्दछ । पालिकाले ढुङ्गा छाप्ने कार्यमा ११२७ घ मि सम्झौता भएकोमा २६९ घ मि कार्य सम्पन् भएको नापी गरी रु १११५४०० को कार्य काम भएको पाइयो । यसरी तोकिएको कार्य भन्दा कम कार्य गरेतापनि निर्माण सम्पन्न दिई कार्य स्वीकार गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

४९ नन्फाइलर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१,०५,२६०।- समेत रु.९,१४,९६०।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन प्रमाण पेस हुनुपर्ने रु.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	नन्फाइलर रहेको मिति
१३३।२०८१।३।१८	के. सी. हार्डवेयर	६०९४१६३६५	५७७४३	६६४३	२०८०।M।१२
१४०।२०८१।३।१९	के. सी. हार्डवेयर	६०९४१६३६५	२८०४६५	३२२६५	२०८०।M।१२
१३६।२०८१।३।१९	के. सी. हार्डवेयर	६०९४१६३६५	६५५४०	७५४०	२०८०।M।१२
३।२०८०।५।११	चम्पावती निर्माण सेवा	६१६४३३३९५	५११२१२	५८८१२	२०७९।M।६
	जम्मा		९१४९६०	१०५२६०	

प्रमाण पेश नगरेको	१,०५,२६०

५० वितरणमुखी पुँजीगत खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको

सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।यस पालिकाले वार्षिक बजेटबाट विभिन्न समूहहरुको फर्निचर व्यवस्थापन लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन। पालिकाले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकलापहरुमा खर्च गर्नु पर्दछ। केही उदाहरणः

भौ.नं./मिति	समूहको नाम	लागत अनुमान	अनुदान रकम
१६।२०८०।५।२५	शिवशक्ति मंगलटार गुठी समूह भवन (ढलान गर्ने कार्य)	२३५०९५	२०००००
३९।२०८१।१।३१	तार्कुघाट सामुदायिक सभाहल स्तरोन्नति	३४२०००	३०००००
५२।२०८१।२।३	देउराली आमा समूह भवन निर्माण	२२४२११	२०००००
५९।२०८१।२।१९	चम्पावती आमा समूह भवन स्तरोन्नति	११८५४५	९७०००

५१ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५२ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

५३ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्:

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
३।२०८०।५।११	अलकट्टा चिसापानी बोहोरा गाउँ सडक स्तरोन्नति	सडक स्तरोन्नति	जे सी बी	४१००००
४०।२०८१।१।३१	वडाको आन्तरिक सडक मर्मत वडा नं. २ उ . स .	बाटो सफा गर्ने कार्य वडा नं. २	जे सी बी	१८००००
८१।२०८१।२।१४	रायमठी प्रतिक्षालय टिमुरे उपल्लो बगैचा सडकखण्डदेखि बगैचासम्मको नाली निर्माण	नाली निर्माण	जे सी बी	३४०००
			जम्मा	६२४०००

५४ **मू.अ. कर कट्टी छुट** (१२२-२०८१-३-१७):

हिले गल्ली कटुजे दोभान खोला गंगटे चेपे सडक स्तरोन्नति कार्यको लागि ढुङ्गा गिट्टी बालुवाको शंकर निर्माण सेवाबाट (६०११९३६७९) मू. अ. कर नकाटी २ विजकबाट ढुङ्गा गिट्टी बालुवा खरिद गरेको रू.८०,२००।- को मू. अ. कर विजक जारी नगरेकोले १५ प्रतिशतले हुने कर रू.

असुल गर्नुपर्ने	१२,०३०

५५ **खरिद भन्दा बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले रकम भुक्तानी लिन पेस गरेको बिल भरपाई तथा कार्यबिलको परीक्षण गर्दा खरिद गरेको सिमेन्ट, इट्टा, पाइपको विजकमा उल्लेख गरेको दरभन्दा बढी दर राखी भुक्तानी दिएकोले रू.२५७२२४।- असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

भौ न।मिति	कार्यक्रम/योजना	सामग्री	परिमाण/ इकाई	भुक्तानी दर (जिल्ला दररेट)	भुक्तानी हुनुपर्ने (विजक दर)	बढी भुक्तानी
१०५।२०८१। ३।१३	साविक वडा १ २ ३ देखि प्यारजुङ सडक स्तरोन्नति	सिमेन्ट	२८४ बोरा	७३०	५३०	५६८००
१०८।२०८१। ३।१६	वृद्ध आमा शौचालय निर्माण	इट्टा	३९५३ गोटा	१३	८	१९७६५
१२१।२०८१। ३।१७	खानेपानी तथा पाइप खरिद व्यवस्थापन वडानं. ३	पाइप २५mm	५०० मी.	८८	६२	१२८४५
१५२।२०८१। ३।२१	राइनास बहुप्राविधिक शिक्षालय जाने बाटो	सिमेन्ट	२४९ बोरा	७३०	६५९	१७६८०
१६४।२०८१। ३।२३	सरस्वती मन्दिर निर्माण	इट्टा	३२८७ गोटा	१३	८	१६५५५
१७९।२०८१। ३।२४	वडाको आन्तरिक सडक मर्मत वडा नं. ६	सिमेन्ट	८७ बोरा	७३०	५३१	१७३१४
३९।२०८१।१। ३१	तार्कुघाट सभाहल स्तरोन्नति	डण्डी	१२१८ के.जी.	८७	७२	१८२७०
५३।२०८१।२। १५	जलविरे ३ पिप्ले हिमालय बैङ्क हुँदै देउराली सडक	पिपिसी सिमेन्ट	४०० बोरा	६३०	५८४	१८४००
६६।२०८१।२। २३	ढालफाँट फोक्सीङ चेपे सडक	सिमेन्ट	९३ बोरा	७३०	५७५	१४४१५
१३५।२०८०। ३।१९	लामपाटा छाप गैरीगाउँ मोटरबाटो स्तरोन्नति	सिमेन्ट	५६ बोरा	७३०	५८०	८४००
१४३।२०८१। ३।१९	चालिसे खहरे गैरीगाउँ लुपुगाउँ सडक स्तरोन्नति	सिमेन्ट	२७० बोरा	७३०	५३१	५६७८०
			जम्मा			२५७२२४
					असुल गर्नुपर्ने	२,५७,२२४

५६ **हेभि इक्विपमेन्ट प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर तथा डोजर, विटुमिन व्याइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न पाइने छैन भनी व्यवस्था गरेको छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले निम्न उपभोक्ता समितिलाई सडक मर्मत कार्यको लागि निर्माण व्यवसायीको उपयोग गरी हेभि इक्विपमेन्ट प्रयोग गरेको देखियो।नियम ९७ अनुसार स्थानीय स्तरमा रोगजारी सृजना हुने कार्यमा उपभोक्ता समितिलाई कार्य दिनुपर्नेमा यसरी निर्माण व्यवसायीलाई जिम्मा दिँदा स्थानीय स्तरमा रोजगारी प्रावर्द्धन नुहने तथा कार्यमा दिगोपना र अपनवत्व पनि नहुने भएकाले त्यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

भौचर नं	उपभोक्ता समिति	लागत अनुमान	निर्माण सेवा	मू.अ कर विजक
४६	राइनासटार सिँचाई	१७६६७०६	गोर्खा लमजुङ्ग निर्माण सेवा	११९४६
५३	जलविरे तिनपिप्ले बसन्तावी कृषिक सडक	११७६९५६	स्नोहा कन्स्क्ट्रसन	६८५७२
१३३	विराबारी मजुवा कोकेगाँउ सडक	११८७५७२	गोर्खा लमजुङ्ग निर्माण सेवा	२६५४८
४८	नेपाल जलवायू नमुना कार्यक्रममा प्रङ्गारिक मल उल्पादन उ.स	३३३३८९४	स्नेहा कन्स्ट्रक्सन	३५३९२

५७ **मृत्युपश्चात भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी बाँकी रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार मृत्य भएका लाभग्राही नाममा समेत भत्ता वितरण भएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

वडा नं.	लक्षित समूह	परिचय नं.	नाम	लगत कट्टा लागु मिति	बढी निकासा	किस्ता
९	अन्य जेष्ठ नागरिक भत्ता	२००९०४०१०७५६६	विष्णु माया कामी	3/4/2080	१२०००	प्रथम
९	अन्य जेष्ठ नागरिक भत्ता	२००६१२१५०९६६३	चन्द्र बहादुर थापा	2081-02-29	४१३३	चौथो
८	अन्य जेष्ठ नागरिक भत्ता	१९९७१२०९००६४८	चिज माया श्रेष्ठ	8/16/2080	५८६६	दोश्रो
९	अन्य जेष्ठ नागरिक भत्ता	१९९२१००७००५७१	देवी गुरुङ	8/27/2080	४४००	दोश्रो
९	अन्य जेष्ठ नागरिक भत्ता	१९९२०२१५०२२१३	अमर बहादुर गुरुङ	2081/02/32	४०००	चौथो
२	अन्य जेष्ठ नागरिक भत्ता	१९९६०७०६००४२२	नानु माया न्यौपाने	3/14/2081	२१३३	चौथो
७	अन्य जेष्ठ नागरिक भत्ता	२००६०३१५०५१३९	पूर्ण गिरी	6/14/2080	२१३३	प्रथम
१०	अन्य जेष्ठ नागरिक भत्ता	२००७०५०४०४३६३	कर्ण बहादुर गुरुङ	8/1/2080	७८६६	दोश्रो
५	अन्य जेष्ठ नागरिक भत्ता	२००७०५१५०६४९४	बुध माया कामी	9/21/2080	११९९	दोश्रो
४	जेष्ठ नागरिक एकल महिला	२०१९०६१५०२०३३	मैना कुमारी खडका	11/30/2080	९९७५	तेश्रो, चौथो
९	अन्य जेष्ठ नागरिक भत्ता	२००२०६०४०१६६२	टेक बहादुर थापा	9/6/2080	३२००	दोश्रो
६	अन्य जेष्ठ नागरिक भत्ता	१९९०१०१४००६४७	पदम कुमारी श्रेष्ठ	12/20/2080	१३३३	तेश्रो
४	अन्य जेष्ठ नागरिक भत्ता	२००४०८१५०२९०८	ढक बहादुर गुरुङ	11/9/2080	१८८००	तेश्रो र चौथो
९	अन्य जेष्ठ नागरिक भत्ता	१९९६०८१५०३१०२	शेर बहादुर भुजेल	11/26/2080	४५३३	तेश्रो
२	अन्य जेष्ठ नागरिक भत्ता	२००९०२१३०१७४१	तिल वहादुर शाही	2/9/2081	६८००	चौथो
३	अन्य जेष्ठ नागरिक भत्ता	१९९४०७०८००८२९	लच्छीमन कामी (सुनार)	9/13/2080	३६९२	दोश्रो
४	अन्य जेष्ठ नागरिक भत्ता	१९९११००५०१२३७	जौ माया कुमाल	6/24/2080	१२७९९	प्रथम र दोश्रो
८	अन्य जेष्ठ नागरिक भत्ता	१९९१०८२०००३४९	कृष्ण कुमार श्रेष्ठ	8/28/2080	४२६६	दोश्रो
१०	अन्य जेष्ठ नागरिक भत्ता	१९९६०४१५०३४१६	चन्द्र कला न्यौपाने	9/19/2080	१४६६	दोश्रो
२	अन्य जेष्ठ नागरिक भत्ता	१९९५०६१००२०२८	मोती बहादुर खत्री	12/7/2080	३०६६	तेश्रो
४	अन्य जेष्ठ नागरिक भत्ता	२००३०७०१००४५२	जुठी कुमाल	12/2/2080	३७३३	तेश्रो
७	अन्य जेष्ठ नागरिक भत्ता	१९८६०९२१००११३	डल्ली सार्की	12/19/2080	१४६६	तेश्रो
१	अन्य जेष्ठ नागरिक भत्ता	१९९९१०२२००७२४	मधु माया न्यौपाने	7/5/2078	११३३३	
२	अन्य जेष्ठ नागरिक भत्ता	१९९९०११३०१२३३	धन माया गुरुङ	3/25/2081	६६७	चौथो
५	अन्य जेष्ठ नागरिक भत्ता	२०१०१०१००४०६४	नेप्टै भन्ने गुने दमै	3/2/2081	३७३४	चौथो
३	अन्य जेष्ठ नागरिक भत्ता	१९९८०१०५०५४०६	लाल बहादुर मगर	3/27/2081	४००	चौथो
६	अन्य जेष्ठ नागरिक भत्ता	२०१२०९२००३८१६	आइत मान तामाङ	2/28/2081	४२६७	चौथो
७	अन्य जेष्ठ नागरिक भत्ता	१९९६०५०७०१६५३	यानु माया देवकोटा	3/28/2081	२६७	चौथो
२	अन्य जेष्ठ नागरिक भत्ता	२००९०२१३०१७४१	लिल बहादुर साही	2/9/2081	६८००	चौथो
				जम्मा	१४६३२७	

प्रमाण पेश नगरेको	१,४६,३२७

५८ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सूरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नविकरण लगत कट्टा तोकिएको मितिभित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सूरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नपर्ने, भत्ता वितरण गर्दा बैक मार्फत गर्नुपर्ने, सामाजिक सूरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था छ । पालिकाले पहिलो त्रैमासिकको वडा नं. १० वडा मध्ये १ देखि ९ सम्म हिमालयन बैंक लिमिटेड राइनास शाखा र वडा १० हिमालयन बैंक गौडा शाखाबाट र दोश्रो किस्ता EFT को माध्यमबाट वार्षिक रू.११,६४,३८,२४२।२९ वितरण गरेको छ ।

५९ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८,०००।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

६० **राजस्व प्राप्त हुन नसकेको**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम पालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्नसक्ने व्यवस्था छ । पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको निःशुल्क प्रयोग भए तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ । निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निःशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन। पालिकाको मुख्य आम्दानीको श्रोतलाई पालिकाले उचित व्यवस्थापन गर्न नसक्दा चोरी निकासी भई नेपाल सरकारलाई प्राप्त हुनुपर्ने अग्रिम कर, मूल्य अभिवृद्धि कर तथा पालिकाको राजस्व छुट भएको अवस्था छ । यस सम्बन्धमा पालिकाले विशेष पहल गरी आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सङ्कलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । केही उदाहरणः

भौ.नं./मिति	योजनाको नाम	कार्यसम्पन्न	प्रयोग भएको ढुङ्गा, गिट्टी (घनफिट)	रकम
८।२०८०।५।११	लामपाटा ढाडखर्क हुँदै गैरी गाउँ ज्यामिरे सडक	५७२७२६	३७२६	२६०८३
५०।२०८१।२।३	वडा नं. ७ रिङरोड स्तरोन्नति कार्य	११७८०००	४८६१	३४०२९
७२।२०८१।२।२५	घोडेटारी चौरी व्रदल हुँदै साविक तार्कुघाट गा.वि.स. को रिङरोड जोड्ने मोटरबाटो स्तरोन्नति	११८१०००	६३५	४४५०
९१।२०८१।३।११	हरियाली महिला समूह	४५८८२०	९३१	६५१८

६१ आय ठेक्का नलागेको

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी बालुवा बिक्री वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाभित्र पर्ने मर्स्याङ्गदी र चेपे नदी बगरको वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लेख भए अनुसार निम्नानुसार घाटहरुमा २०५६८।५० घन मिटर उत्खनन गर्न सकिने उल्लेख भए अनुसार मू अ कर र अग्रीम कर समेत रु.७४,८६,१३४।९० राजस्व संकलन हुने देखिन्छ । पालिकाले मर्स्याङ्दी र चेपे नदीका विभिन्न घाटबाट ढुंगा, गिट्टी, बालुवा एवं रोडा संकलन र बिक्रीको ठेक्का बन्दोबस्तीका लागि IEE ले तोकेको परिमाणभित्र रही १८६१५।५० घनमिटरको रु.३१७।८७ दरले हुने मू.अ. कर बाहेक रु.५९,१७,३०८।९९ (चेपे नदीको टिमुरे दोभानको १९५० घनमिटर बाहेक पुलदेखि ५०० मिटरभित्रको परिसरमा परेकोले) न्यूनतम मूल्य निर्धारण गरी प्रथम पटक मिति २०८०।४।११ मा लमजुङ दर्पण राष्ट्रिय दैनिकमा शिलबन्दी दरभाउपत्र सम्बन्धीको सूचना प्रकाशन गरेकोमा तोकिएको मितिमा कुनै पनि शिलबन्दी दरपाउपत्र पेस नभएको पालिकाले जनाएको छ । प्रथम पटकको सूचनामा कुनै पनि दरभाउपत्र पेस नभएकोले पालिकाले पुनः दोस्रोपटक पत्रिकामा सूचना प्रकाशन नगरी कार्यालयको सूचना पाटी र वेवसाइटमा मिति २०८०।४।२८ मा १५ दिनको म्याद राखी र तेस्रो पटक मिति २०८०।८।१२ मा १५ दिनको म्याद राखी सूचना प्रकाशन गरेकोमा दोस्रो र तेस्रो पटकमा पनि कुनै प्रस्ताव प्राप्त नभएको पालिकाले जानकारी दिएको छ । पालिकाले अमानतबाट राजस्व संकलन गर्न कुनै कदम समेत चालेको देखिएन । पालिकाले सबै घाटहरुलाई समेट्ने गरी नजिकको घाटहरुको प्याकेज बनाई ठेक्का आह्वान गर्ने र ठेक्का नलागेमा अमानतबाट समेत आन्तरिक आम्दानी बढाउनेतर्फ ध्यान दिनुपर्दछ।

संकलन स्थल	वार्षिक उत्खनन गर्न सकिने घन मिटर	प्रति घनमिटर प्राप्त हुने दर	अनुमानित राजस्व मू. अ. कर बाहेक
मर्स्याङ्दी नदी			
टुनाबगर	१३२०.००	३१७.८७	४१९५८८.४०
भट्टेचौर १	१००८.००	३१७.८७	३२०४१२.९६
भट्टेचौर २	८४०.००	३१७.८७	२६७०१०.८०
नोविसे १	९०७.२०	३१७.८७	२८८३७१.६६
नोविसे २	१००८.००	३१७.८७	३२०४१२.९६
खाँद	१४५५.३०	३१७.८७	४६२५९६.२१
जम्मा	**६५३८.५०**		**२०७८३९३.००**
चेपे नदी			
कङ्यान १	१२००.००	३१७.८७	३८१४४४.००
ढावर १	३७५.००	३१७.८७	११९२०१.२५
भत्कने पुल २	१२५०.००	३१७.८७	३९७३३७.५०
टिमुरे दोभान ३ र १	१२००.००	३१७.८७	३८१४४४.००
टिमुरे दोभान ३ र २	७५०.००	३१७.८७	२३८४०२.५०
नागेथाटी १ र ३	८७५.००	३१७.८७	२७८१३६.२५
नागेथाटी २ र ३	३७५.००	३१७.८७	११९२०१.२५
नागेथाटी ३	१०५०.००	३१७.८७	३३३७६३.५०
नेवटै ४	४८०.००	३१७.८७	१५२५७७.६०
घुमाउने १	१९६०.००	३१७.८७	६२३०२५.२०
घुमाउने २	१७१५.००	३१७.८७	५४५१४७.०५
कालिका रह ५	९००.००	३१७.८७	२८६०८३.००
ध्याउसे/गंगटे ६	१०००.००	३१७.८७	३१७८७०.००
नारिन चौर	९००.००	३१७.८७	२८६०८३.००
जम्मा	**१४०३०.००**	**३१७.८७**	**४४५९७१६.१०**
कुल दफा	**२०५६८.५०**		**६५३८१०९.१०**

६२ **अनुगमन भत्ता**

कार्यालयमा कार्यरत कर्मचारीहरुले कुनै पनि योजना वा कार्यक्रमको अनुगमन र मुल्याङ्कन गरेवापत भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ३ र गण्डकी प्रदेश खर्च मापदण्डको दफा ४ मा व्यवस्था भए अनुसारको दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ। कार्यालयले कर्मचारीलाई विभिन्न कार्यक्रम तथा योजनाको अनुगमन गरे वापत अनुगमन भत्ता दिएको नियमसम्मत नदेखिएकोले निम्न गो भौ न र मितिको भुक्तानी केही लेखापरिक्षणको क्रममा असुल भएको र बाकी सम्बन्धितबाट असुल गर्नुपर्ने रु

गो भौ न १११।२०८०।०८।२९ अपाङ्गताका सवालहरुको विषयमा अभिमुखिकरण कार्यक्रमको अनुगमन कार्य गरे वापत

सि.न	नाम थर	पद	अनुगमन भत्ताको दर	१५ प्रतिशत कर कट्टी	वुझिलिएको रकम
१	प्रकाशराज पौडेल	प्र प्र अ	१०००	१५०	८५०
२	पुर्ण बहादुर नेपाली	शा अ	१०००	१५०	८५०
जम्मा					१७००

गो भौ नं १३२।२०८०।०९।२७ अतिरिक्त क्रियाकलाप संचालन प्रा वि, निमावि र मावि मा लेखान प्रतियोगिता कार्यक्रम अनुगमन

सि.न	नाम थर	पद	अनुगमन भत्ताको दर	१५ प्रतिशत कर कट्टी	वुझिलिएको रकम
१	पुर्ण बहादुर नेपाली	शा अ	१०००	१५०	८५०

गो भौ नं १७७।२०८०।१०।२१ वक्तित्वकला प्रतियोगिता कार्यक्रम अनुगमन गरे वापत

सि.न	नाम थर	पद	अनुगमन भत्ताको दर	१५ प्रतिशत कर कट्टी	वुझिलिएको रकम
१	प्रकाशराज पौडेल	प्र प्र अ	१०००	१५०	८५०

असुल गर्नुपर्ने	३,४००

६३ वितरणमुखि खर्च

पालिकाले चालु खर्च मितव्ययी र पूँजीगत खर्च नतिजामूलक तथा प्रतिफल देखिने गरि खर्च गर्नुपर्दछ । निम्नानुसार भौ नं तथा मितिबाट नतिजाप्राप्त नहुने कार्यभार पालिकाको पूँजीगत खर्च गरेको देखियो । यसरी वितरणमुखि एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

गो भौ नं मिति	वापत	भुक्तानी पाउने	रकम
१०/२०८०।०५।२५	तमु ल्होसार कार्यक्रम	श्री कालिका आमा समुह	७५०००
१४/२०८०।०५।२६	सोनाम ल्होसार	मेहेन्दो तामाङ समाज	१५००००
७५/२०८०।०७।२४	वडा स्तरिय मेयर कप फुटवल	वोराङखोला युथ क्लव	२०००००
१८५/२०८०।१०।२४	लाखेनाच र गोरु जुधाई प्रतियोगिता	नेवार समुदाय उत्थान समाज	११००००
२८७/२०८१।०२।०२	माघी पर्व	कुमाल समाज	१०००००
३०२/२०८१।०२।१६	लाखेनाच र गोरु जुधाई प्रतियोगिता	सरोज औलिया	४००००
३२५/२०८१।०३।०४	तमु ल्होसार	नगर स्तरिय तमु ल्होसार	२५००००
४५२/२०८१।०३।२४	सोनाम ल्होसार	मदन विसाल पन्त	१०००००
४२६/२०८१।०३।२२	कृषि तथा औद्योगिक प्रदर्शनी मेला	शिवशंकर युवा क्लव	१०००००

६४ वितरण भरपाई

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले १८१।२०८०।१०।२२ खेलकुद सामाग्री ड्रेस वितरण गर्दा भरपाईको संलग्न विना खर्च गरेको देखिन्छ। खर्च पुष्ट्याई हुने भरपाई पेश गर्नुपर्ने रकम रु

अनियमित भएको	७७,२८०

६५ शुभकामना सन्देश

नगरपालिकाले विभिन्न सूचना संचार गृह, पत्रपत्रिका छपाईमा आफूले सम्प्रेषित गरेको विषय वस्तु छपाईको आधारमा सम्झौता बमोजिम रकम भुक्तानी गर्नुपर्नेमा विभिन्न क्यालेण्डर छपाई र सूचना प्रकाशन, संघ, संगठनको नामबाट सन्दर्भ प्रकाशन लगायतका प्रकाशन सामग्री पूर्वस्वीकृति वेगर छपाउने र भुक्तानीको लागि नगरपालिकामा एक प्रति ल्याउने गरी विभिन्न संचार प्रकाशन समितिहरुलाई भुक्तानी गरेको देखियो । नगरपालिकाले आफैले विषयवस्तु छनौट गरी पूर्वस्वीकृति दिइ छपाई गर्ने कार्य वाहेक अन्य छपाई गरेको रकम अनियमित खर्च हुने हुनाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखियो । नमुना छनौट गर्दा यस वर्ष २७२९६५ खर्च भएको देखियो।

६६ **कर्मचारीलाई प्रशिक्षण तथा अनुगमन भत्ता**

गो भौ नं १७७।२०८०।१०।२१ राष्ट्रपती रनिङ शिल्ड प्रतियोतितामा पालिकाका कर्मचारीले अनुगमन तथा खेलाडीलाई प्रशिक्षण दिए वापत प्रशिक्षण भत्ता लिएको देखियो तर ति कर्मचारीको प्रशिक्षण दिने क्षमताका हुन होईन एकिन हुन सकेन साथै प्रशिक्षण कुन विषयमा दिएको समेत नखुलेकोले प्रशिक्षणको विषय र प्रशिक्षण दिएको पुष्टी हुने कागजात पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रकम रु

सि.न	नाम थर	पद	अनुगमन/प्रशिक्षण गरेको दिन	दर	१५ प्रतिशत कर कट्टी	वुझिलिएको रकम
१	प्रकाशराज पौडेल	प्र प्र अ	३	१५००	६७५	३८२५
२	पूर्ण बहादुर अछामी	उप सचिव	३	१५००	६७५	३८२५
३	पूर्ण बहादुर नेपाली	शाखा अधिकृत	३	१५००	६७५	३८२५
४	कुमार नाथ न्यौपाने	स्रोत व्यक्ती	३	१५००	६७५	३८२५
५	राम कुमार नेपाली	प्राविधिक सहायक	३	१५००	६७५	३८२५
६	विशाल सुवेदी	सह-लेखापाल	३	१५००	६७५	३८२५
						२२९५०

असुल गर्नुपर्ने	२२,९५०

६७ **बैठक भत्ता**

गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ दफा ३ मा वैठक भत्ताको मापदण्ड सम्वन्धी व्यवस्था गरिएको छ। जसमा एउटै निकाय र अन्तरगतका पदाधिकारी/कर्मचारी मात्र वस्ने वैठकमा वैठक भत्ता प्रदान गरिने व्यवस्था नरहेको तर पालिकाले आफ्नै निकाय अन्तरगतका अर्थात पालिका भित्रका कर्मचारीहरु वैठकमा वैठक भत्ता दिएकोमा उक्त वैठक भत्ता कानुन सम्वत नदेखिएकोले निम्न गो भै नं र मितिका केही लेखापरीक्षणको क्रममा असुल भएको र वाँकी असुल गर्नुपर्ने रकम रु

गो भौ नं २६।२०८०।०७।०१मा वालमैत्री शासन सम्वन्धी वसेको वैठक

सि.न	नाम थर	पद	वैठक भत्ताको दर	वैठक संख्या	१५ प्रतिशत कर कट्टी	वुझिलिएको रकम
१	गोकर्ण राज सुयल	प्र प्र अ	१५००	३	६७५	३८२५
२	दिपेन्द्र श्रेष्ठ	अधिकृत	१५००	१	२२५	१२७५
३	समिप गुरुङ	क अ	१५००	३	६७५	३८२५
जम्मा						८९२५

गो भौ नं १३२।२०८०।०९।२७ मा अतिरिक्त क्रियाकलाप संचालन प्रा वि, निमावि र मावि मा लेखान प्रतियोगिता कार्यक्रम गर्ने भनी वसेको वैठक

सि.न	नाम थर	पद	वैठक भत्ताको दर	वैठक संख्या	१५ प्रतिशत कर कट्टी	वुझिलिएको रकम
१	प्रकाशराज पौडेल	प्र प्र अ	१५००	२	४५०	२५५०
३	पुर्ण बहादुर नेपाली	शा अ	१५००	२	४५०	२५५०
जम्मा						५१००

गो भौ नं १७७।२०८०।१०।२१ मा वक्तित्वकला प्रतियोगिता कार्यक्रम गर्न भनी वसेको बैठक भत्ता

सि.न	नाम थर	पद	वैठक भत्ताको दर	वैठक संख्या	१५ प्रतिशत कर कट्टी	वुझिलिएको रकम
१	प्रकाशराज पौडेल	प्र प्र अ	१५००	२	४५०	२५५०

असुल गर्नुपर्ने	१६,५७५

६८ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरुको र पालिकाका तर्फका कर्मचारीहरुको तलव भत्ता भुक्तानी गरेको छ।तलबी प्रतिवेदन पारित नगरी तलव भत्ता भुक्तानी गर्दा कर्मचारीको ग्रेड एकिन गर्न सकिएन। खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६९ **संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना**

संघीय सरकाले स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको यातायात तथा प्रोत्साहनका लागि आर्थिक वर्ष २०८०।८१ मा प्रति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जनही रु २४००० का दरले यातायात भत्ता प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत बजेट निकासा गरेकोमा पालिकाले समेत सोहि कार्यक्रमको लागि प्रति स्वयंमसेविका बार्षिक २४००० को दरले ६६ जनालाई रु १५८४००० यातायात भत्ता भुक्तानी गरेको छ। स्थानीय तहले समेत सोही कार्यक्रमको लागि एउटै र एकै लक्ष्य बोकेका कार्यक्रममा बजेट विनियोजन नगरि संघीय सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडी बढाउनुपर्ने देखिन्छ। दोहोरो खर्च खर्च गर्दा बढी व्ययभार परेको रु

अनियमित भएको	१५,८४,०००

७० **भ्रमण प्रतिवेदन**

भ्रमण खर्च नियमावली २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी भ्रमण सम्पन्न भए पश्चात भ्रमण प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट यसबर्ष भ्रमणमा खटिएका पदाधिकारी तथा कर्मचारीले भ्रमण गर्नुको उद्धेश्य, भ्रमणमा देखिएका व्यहोरा, समस्या तथा चुनौति सहितको भ्रमण प्रतिबेदन पेश भएको पाइएन ।यसबाट एकातर्फ भ्रमण प्रभावकारी नहुने अर्कोतर्फ भ्रमण खर्च समेत अनुत्पादक हुने हुदा बिस्तृत प्रतिबेदन पेश गर्ने गराउने तर्फ सम्बन्धितको ध्यान जानु पर्दछ ।पालिकाबाट भएको भ्रमण खर्चको औचित्य र प्रभावकारीता यकीन गर्न सकिएन।

७१ **का.स.मु पुनरावलोक समितिको वैठक**

नगरपालिकामा कार्यरत कर्मचारीहरुको आ.व. २०७९।०८० को कार्यसम्पादन मूल्याँकन फाराम मूल्याङ्कन गर्नको लागि पुनरावलोकन समितिको विभिन्न मितिमा बसेको बैठकको पदाधिकारीलाई भत्ता भुक्तानी गरेकोमा कार्यसम्पादन मूल्यांकन फाराम भर्ने, मूल्यांकन गर्ने कार्य कर्मचारीको दैनिक, नियमित र प्रशासनिक कार्य भित्र नै पर्ने भएकोले सो को लागि बैठक भत्ता खर्च लेख्ने कानूनी आधार नदेखिएकोले आधार प्रमाण भए पेश गर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

गो भौ नं ६४ मिति २०८०।०७।२३

सि.न	नाम थर	वैठक	वैठक भत्ताको दर	जम्मा	१५% कट्टी	बुझिलिएको रकम
१	गोकर्ण राज सुयल	४	१५००	६०००	९००	५१००
२	पूर्ण बहादुर नेपाली	४	१५००	६०००	९००	५१००
जम्मा						१०२००

२१८।२०८०।११।१८ करारका कर्मचारीको कार्यसम्पादन मुल्यांकन गरेवापत भत्ता भुक्तानी

सि.न	नाम थर	वैठक	वैठक भत्ताको दर	जम्मा	१५% कट्टी	बुझिलिएको रकम
१	प्रकाशराज पौडेल	५	१५००	७५००	११२५	६३७५
२	पुर्ण बहादुर नेपाली	६	१५००	९०००	१३५०	७६५०
जम्मा						१४०२५

असुल गर्नुपर्ने	२४,२२५

७२ कार्यविधि वेगर खर्च

गो भौ न १८१। २०८०।१०।२२ कुनैपनी कार्य गर्नु अघी कार्यविधी वनाई व्यवस्थित गर्नुपर्ने व्यवस्था रहेको छ तर पालिकाले राष्ट्रपती रनिङ शिल्ड प्रतियोतिता सञ्चालन गर्दा प्रशिक्षकलाई प्रदान गरिने भत्ता, पुरस्कार वितरण लगायतका खेलकुद सामाग्री वितरण जस्ता कार्यमा स्पष्ट कार्यविधि वेगर नै गरेको पाइयो।

७३ स्वकिय सचिव

गण्डकी प्रदेशले जारी गरेको गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिको सदस्यले पाउने सुविधा सम्बन्धि ऐन, २०७६ मा नगरपालिका अध्यक्षले स्वकिय सचिव राख्नु परेमा आन्तरीक स्रोतवाट खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले पदाधिकारी सुविधावाट स्वकिय सचिव नियुक्त गरि वार्षिक रु ३९४८२४ खर्च गरेको देखिन्छ।

७४ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट रू.९,९९,४८५।- खाना खाजा, वडा कार्यालय सञ्चालन लगायत विविध कार्यक्रममा खर्च गरेको छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । केही उदाहरणः

मिति	भौ. नं.	विवरण	खर्च रकम
०७/१३/२०८०	४४	विविध खर्च	४७२१०
०७/१४/२०८०	४६	प्रमुख प्रशासकिय अधिकृत नगरप्रमुख उपप्रमुख र जनप्रतिनिधिहरु कार्यालयको कामको क्रममा भएको खर्च	५०६४५
०९/१९/२०८०	१३६	भ्रमण आदेश भ्रमण बिल र प्रतिवेदनका आधारमा रकम भुक्तानी	७४२०
०९/२५/२०८०	१४४	भ्रमण आदेश प्रतिवेदन समेतका आधारमा रकम भुक्तानी	२९००
१०/१४/२०८०	१६८	संलग्न माग निवेदन विल भर्पाइका आधारमा रकम भुक्तानी दिइएको लेखा । -	१२५०
१०/२१/२०८०	१७५	संलग्न माग निवेदन विल भर्पाइका आधारमा रकम भुक्तानी दिइएको लेखा । -	१७७६०
१०/२८/२०८०	१८७	भ्रमण खर्च	२५००
११/०८/२०८०	२०४	चियाकफि बापतको रकम भुक्तानी	९८३५
११/१०/२०८०	२०६	खानाखाजा तथा कार्यालय संचालन विविध मसलन्द खर्च	२३०००
११/१८/२०८०	२१७	प्रमुख प्रशासकिय अधिकृतको आवास गृहमा अतिथि सत्कार बापत खर्च भएको खानाखाजा	३३७०५
११/२३/२०८०	२३०	कार्यपालिका बैठकको खाजाखर्च रकम र कार्यालयमा मसलन्द खरिद	२०८३०
११/२८/२०८०	२४२	१३ औँ नगरसभा सञ्चालनको खाजा खर्च रकम र कार्यालयको विभिन्न समयमा भएको अतिथि सत्कार	१३१००
११/२८/२०८०	२५५	विविध खर्च	१७५४५
११/२९/२०८०	२६४	कार्यपालिका बैठकको खाजा खर्च	१२८७५
०३/१२/२०८१	३५२	नगरप्रमुखको कार्यालयको कामको सिलशिलामा विभिन्न मन्त्रालय र विभाग जाँदाको खर्च	१३५००
०३/१७/२०८१	३८३	बैठकको खर्च	६१५०
०३/२१/२०८१	४१४	विविध खर्च	५०००
०३/२१/२०८१	४१४	विविध खर्च	१४९२५
०३/२२/२०८१	४१७	खाजा र वडा नं २ मा अनुगमन गर्दाको खाजा खर्च र आर्थिक सहायता	७१५०
०३/२२/२०८१	४२४	ईन्टरनेट सामाग्री खाजा रङ तथा कार्यालयमा प्रयोग भएको ईन्धन	६८७७०
०३/२३/२०८१	४४३	खाजा मसलन्द तथा कार्यलय सामग्री मर्मत	३०००
०३/२३/२०८१	४४३	खाजा मसलन्द तथा कार्यलय सामग्री मर्मत	२१८१०
०३/२३/२०८१	४४६	ढुवानी विविध खर्च	३६५०
०३/२३/२०८१	४४८	सवारी साधन मर्मत ईन्धन तथा खाजाको रकम भुक्तानी	५१५०
०३/२३/२०८१	४४८	सवारी साधन मर्मत ् ईन्धन तथा खाजा खर्च	१५०००
०३/२३/२०८१	४५१	मेसिनरी तथा औजार मर्मत बैठक खाजा संचार महशुल भ्रमण खर्च	३९०९५
०३/२४/२०८१	४५३	सरुवा भ्रमण खर्च तथा खाना खर्च	४०७५
०३/२४/२०८१	४५४	बैठक भत्ता वापतको खाजा खर्च	४०००

७५ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ मा विनियोजित बजेट खर्च मापदण्ड बमोजिम हुनुपर्ने व्यवस्था रहेको छ । अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम कार्यक्रम संयोजकले रू.४०० का दरले प्रति दिन भत्ता पाउने उल्लेख छ । कार्यालयले मार्गदर्श महिला बहुउद्देश्यीय सहकारी संस्था लि. का मिरा कँडेललाई राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार सम्बन्धी ५ दिने गाईपालन सम्बन्धी कार्यक्रममा संयोजक भत्ता वापत ५ दिनको रू.१०००।- का दरले भुक्तानी भएकोले कर बाहेक बढी भुक्तानी भएको रू.२५५०।- असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	२,५५०

७६ **कन्टिजेन्सी खर्च**

कन्टिजेन्सी खर्च

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनमान तयार गर्दा लागत अनुमानको ३ प्रतिशत नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०/१/१५ को निर्णय गर्दा यस्तो कन्टिजेन्सी खर्च पूजिगत प्रकृतिको कार्यमा २% नघट्ने गरी खर्च गर्नु पर्ने निर्देशन समेत छ। नगरपालिकाले योजना कार्यान्वियनको क्रममा लागत अनुमानको ३ प्रतिशत रकम कट्टा गरी कन्टिजेन्सी कोष खाता खोली राखेर खर्च गर्दै आएको छ। नगरपालिकाले आयोजनागत कन्टिजेन्सी खर्च खाता राखेको देखिएन ।कार्यालयले खर्च कुन कुन योजनाको हो सो समेत खुलेको देखिदैन ।योजनागत कन्टिजेन्सीको अभिलेख नराख्दा खर्च सिमा एकिन गर्न सक्ने अवस्था देखिएन। अतः नियमावलीले तोके अनुसार संचालनमा आएका योजनाहरू बाट मात्र कन्टिजेन्सीको रकम कट्टी गरी योजनागत अभिलेख अद्यावधिक गरेर सम्बन्धित योजना मै यस्तो कन्टिजेन्सीको रकम खर्च गर्नु पर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : राईनास नगरपालिका, लमजुङ , राईनास नगरपालिका , लमजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Dhaneshwor Poudel	२०८१-१-२४	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	गोकर्ण राज सुयल	२०७८-९-२६	२०८०-६-३
लेखा प्रमुख	Shiva Paudel	२०७९-१२-१४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३९०,१८७	८,६९३,१९४	६,०१७,२१९.४१	०	०	६३७,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१५,७३७,६००.४१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१५,७३७,६००.४१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६२८८७२४४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३७७६००३९४.८७	चालु खर्च	३३९६६३३२३.५३
प्रदेश सरकारबाट अनुदान	१४५०८६९६	पूँजीगत खर्च	१३५९०३४३१.३४
राजश्व बाँडफाँट	७४९७०१९६.३४	वित्तीय/अन्य व्यवस्था	१४२१७७२५५.२९
आन्तरिक आय	१०४६५५४८.२२		
अन्य आय	१३८५१४७६२.८८		
कुल आय	६१६०५९५९८.३१	कुल खर्च	६१७७४४०१०.१६
बाँकी मौज्दात		६१२०२८३२.१५	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका िवषय
1	कार्यक्रम खर्च	कृषि तथा पशुतर्फ ,स्वास्थ्यतर्फ ,शिक्षा तर्फ ,संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
2	ठेक्का व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन
3	प्रशासनिक खर्च	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
4	आन्तरिक आय	आन्तरिक आयतर्फ
5	विविध खर्च	विविध खर्च
6	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
7	उपभोक्ता समितिमार्फत खरिद	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
8	डि पि आर	DPR खर्च
9	सफ्टवेयर खर्च तथा मर्मत खर्च	सफ्टवेयर खरिद
10	कन्टिन्जेन्सी खर्च	कण्टिन्जेन्सी

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।